मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**Wanted**

| S.N. | Level | Qualification | Number |
|---|---|---|---|
| 1. | Pre-School Teacher | 10+2 or Above (Trained) | 2 |
| 2. | Basic Level | Bachelor Level (Trained) | 3 |

Apply with handwritten application and CV within 2080/11/8.
**Sunshine National School**
Bhaktapur-1, Dudhpati
Contact: 9851042790, 016614835
Email: sunshine.bkt17@gmail.com

वर्ष : २६ ★ अङ्क : २५ ★ ने. सं. ११४४ शिल्ला थ्व, अष्टमी ★ शनिबार ★ ५ फागुन, २०८० ★ February 17, 2024, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## नेपाल विश्वविद्यालय विधेयकबारे प्राज्ञहरूमाझ छलफल
# विश्वविद्यालय गुणस्तरीय शिक्षाको लागि आवश्यक

काठमाडौँ, ४ फागुन । प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा नेपाल विश्वविद्यालयबारे शुक्रबार सरोकारवालासँग छलफल कार्यक्रम भयो ।

उक्त छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सहरी विश्वविद्यालयको रूपमा धेरै विश्वविद्यालयहरू स्थापना हुनु जरूरी रहेको उल्लेख गर्दै नेपाल विश्वविद्यालयलाई पनि त्यही रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विश्वविद्यालय गुणस्तरीय शिक्षाको लागि हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, "अहिले कतिपय विश्वविद्यालयको स्नातकोत्तर र पीएचडीसम्मका अनुसन्धानपत्रहरू फोटोकपि पसलमा किन्न पाइने चर्चा छ । खुला सिमानातर्फको देशबाट स्नातकोत्तर र पीएचडीको डिग्री समेत किनेर नेपालमा आउने सङ्ख्या बढिरहेको चर्चा छ । त्यस्तो गलत प्रमाणपत्रलाई नेपालमा विश्वविद्यालयले समकक्षता दिनु हुँदैन ।

राणा शासनले समेत शिक्षालाई अन्ततः रोक्न नसकेको चर्चा गर्दै सांसद सुवालले अहिलेका सरकारहरूले शिक्षालाई रोक्न सम्भव छैन; यसकारण विश्वविद्यालय खोल्न दिनुपर्छ भन्नुभयो ।

"नेपाल विश्वविद्यालयको विधेयकलाई गैरसरकारी भनी ल्याइएको छ; त्यसो गर्नुहुँदैन । कुनै एउटा स्थानीय पालिकालाई नेपाल विश्वविद्यालयको स्वामित्व दिनु जरूरी छ । उपकुलपतिहरू भागबन्डा गरेर विश्वविद्यालय चल्दैन । देशको राजस्व सङ्कलन गरेर बनेको ढुकुटीलाई अर्थ मन्त्रालयले मन्त्रीको पेवा ठान्नु गलत हो । विद्यालय शिक्षा र विश्वविद्यालय शिक्षाको लागि आवश्यक बजेट अर्थमन्त्रालयबाट विनियोजन हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

विश्वविद्यालय या प्राध्यापकले सिधै विदेशीसँग पैसा लिए विदेशीको दलाल बनाउने सम्भावना रहेको उल्लेख गर्दै सांसद सुवालले विदेशी सहयोग सरकारमार्फत ल्याउन उपयुक्त हुनेछ भन्नुभयो ।

नेपाल विश्वविद्यालयको सरोकारवालाको तर्फबाट पूर्वउपकुलपति केदारभक्त माथेमाले अबका विद्यार्थीलाई पृथ्वीनारायण शाहले नेपाल खाल्डोमा हमला गर्नुअघि के व्यवस्था थियो भनी सोध्नुभन्दा पृथ्वीनारायण शाह लडाइँमा हारेको भए नेपालको खाल्डोको अवस्था के हुने होला भनी कल्पनाशील प्रश्न सोध्नु जरूरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा १५ प्रतिशत युवाले मात्रै विश्वविद्यालयमा प्रवेश गर्न पाएका छन् । बङ्गलादेशमा २८ प्रतिशत युवाले विश्वविद्यालयमा प्रवेश पाएका छन् । चीनको त कुरै नगरौँ, त्यहाँ धेरै विश्वविद्यालय छन् । यसकारण, नेपालमा विश्वविद्यालय पर्याप्त खोल्नुपर्छ ।"

पूर्वशिक्षामन्त्री माधव पौडेलले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरू विदेश जानुको कारण देशभक्तिसँग सम्बन्धित शिक्षा नभएको चर्चा गर्दै इथियोपियामा झन्डै ६ करोड जनसङ्ख्या छ; ६०–७० वटा विश्वविद्यालय छन्; नेपालमा विश्वविद्यालय पुगेको छैन; विश्वविद्यालयलाई गैरसरकारी भन्नु ठीक छैन; सरकारले बढी नियन्त्रण पनि गर्नुहुँदैन; सरकारले विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न सहयोग गर्नुपर्छ भन्नुभयो ।

प्राध्यापक चैतन्य मिश्रले पढ्ने राम्रो भन्नुको अर्थ विषयवस्तु बुझ्नु हो; प्रमाणपत्र मात्र वितरण गर्नु होइन, राममनोहर श्रेष्ठलाई त्रिविको उपकुलपति बनाउनु राम्रो हुनेछ भन्नुभयो ।

अर्जुन कार्कीले नेपाल विश्वविद्यालय विधेयकलाई सरकारले तोडमरोड गरी वितरण गऱ्यो, राष्ट्रिय सभाले गैरसरकारी विधेयक भनी थप्यो; यसमा हाम्रो चित्त बुझेको छैन; अहिले सरकारले नेपाल विश्वविद्यालयलाई पूर्वाधारको निम्ति वर्षको एकडेढ करोड बजेट पठाइएको छ भन्नुभयो ।

विपिन अधिकारीले सो विधेयकलाई सरकारी र गैरसरकारी विधेयक भनी छुट्याउनु गलत भएको उल्लेख गर्दै डाक्टर पढ्नेलाई सामाजिक शिक्षा चाहिँदैन; इन्जिनियर पढ्नेलाई नेपाली चाहिँदैन भन्नु नै गलत हो; विश्वविद्यालयलाई सिधै विदेशीसँग आर्थिक सहयोग लिन नदिनु तानाशाही हो; त्रिविको जस्तो स्वतन्त्रता दिइएन भने नेपाल विश्वविद्यालय चलाउँदैनौँ भन्नुभयो ।

उमिना सिंहले नेपाल विश्वविद्यालयमा स्नातक पढ्ने विद्यार्थीलाई पहिलो दुई वर्ष विभिन्न विषय पनि अध्ययन गराउने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

सूर्यराज आचार्यले प्राध्यापकको निष्ठाबाट विश्वविद्यालय निर्देशित हुनुपर्छ; सरकारको ऐनकानुनले निर्देशित गर्नुहुँदैन; विदेशमा सेवा आयोग भन्ने छैन; दक्षिण एसियामा मात्र छ भन्नुभयो ।

समितिका सभापति भानुभक्त जोशीले अन्य विज्ञहरूसँग पनि छलफललाई निरन्तरता दिने विश्वास दिलाउनुभयो ।

# ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापतिको ध्यानाकर्षण



भक्तपुर, ४ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सङ्घीय संसद्, प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीसमक्ष 'ख्वप विश्वविद्यालय विधेयक २०८०' समितिबाट अगाडि बढाउन शुक्रबार अनुरोध पत्र हस्तान्तरण गर्नुभयो ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा नेमकिपाका सचिव प्रेम सुवालसमेतको उपस्थिति रहेको उक्त बैठकमा नगर प्रमुख प्रजापतिले नेपालको संविधान २०७४ मा शिक्षा सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा रहेको हुँदा भक्तपुर नगरपालिकाको संरक्षकत्वमा रहने गरी ख्वप विश्वविद्यालय स्थापना गर्न 'ख्वप विश्वविद्यालय विधेयक २०८०' संसद्बाट पारित गर्ने प्रक्रिया अगाडि बढाउन सभापति जोशीसमक्ष अनुरोध गर्नुभएको हो ।

सोही क्रममा सभापति जोशीले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्य देशकै लागि नमुना भएको बताउँदै विभिन्न विज्ञहरूसँग छलफल गरी ख्वप विश्वविद्यालय विधेयकलाई सक्दो चाँडो समितिबाट अगाडि बढाइने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका विषयमा उदाहरणीय कार्य गर्दै विभिन्न विषयको अध्ययन, अध्यापन गर्न कलेजहरूसमेत सञ्चालन गर्दै देशभरिका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको अवगत गराउनुभयो ।

नगर प्रमुखद्वारा हस्तान्तरण गरिएको अनुरोध पत्रमा भक्तपुर नगरपालिकाले वि.सं. २०५६ सालमा ख्वप उच्च मावि, २०५८ सालमा ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी सञ्चालन गरिएको व्यहोरा उल्लेख छ ।

साथै कलेज स्थापनादेखि हालसम्म ख्वप उच्च माविमा २३ हजार ७४५, ख्वप इन्जिनियरिङ कलेजमा ५ हजार ४५, ख्वप कलेजमा ८ हजार ७३३, ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा १ हजार ५५४, ख्वप कलेज अफ इन्जिनियरिङमा २ हजार ६ सय १ र ख्वप कलेज अफ लमा १ सय २० गरी जम्मा ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भएका र यी संस्थाहरूमा हाल देशका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गरिरहेको व्यहोरासमेत उक्त पत्रमा उल्लेख गरिएको छ ।

उक्त पत्रमा उच्च शिक्षा र अनुसन्धानलाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई समेत समेटी कला, संस्कृति, विज्ञान, अर्थशास्त्र, प्रविधि, चिकित्साशास्त्र, शिक्षा, व्यावसायिक विषय तथा अन्य आवश्यक विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, सर्वसुलभ र गुणस्तरीय शिक्षामा सर्वसाधारणको पहुँच पुऱ्याउन ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर प्रयास गर्दै आएको व्यहोरा उल्लेख छ ।

बैठकमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्यहरू, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालको समेत उपस्थिति थियो ।

# काठमाडौँ महानगरमा पार्टी कार्यकर्ता भेला

काठमाडौँ, ४ फागुन । नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर समितिको आयोजनामा काठमाडौँ महानगरस्तरीय कार्यकर्ता भेला शुक्रबार क्षेत्रपाटीमा भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले भन्नुभयो, "सर्वहारावर्गका महान् गुरू कार्ल हेनरिक मार्क्सले उन्नाइसौँ शताब्दीमा एक नयाँ सिद्धान्तको प्रतिपादन गर्नुभयो । यो द्वन्द्वात्मक भौतिकवादमा आधारित वैज्ञानिक समाजवाद वा साम्यवादी व्यवस्था विश्वमा स्थापना हुने र पुँजीवादको पतन अनिवार्य हुनेछ भन्ने तथ्यमा आधारित सिद्धान्त हो ।"

उहाँले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुसार अहिलेसम्मको मानव समाजको विकास वर्गसङ्घर्षमा आधारित रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अँगाली नेपाली कामदारवर्गलाई राजनैतिकरूपले शिक्षित र सचेत गर्ने कार्य निरन्तर गर्दै आइरहेको छ ।"

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले मार्क्सवादी राजनीतिक अर्थशास्त्रले पुँजीवादको उत्थान, विकास र पतनको सिद्धान्तको व्याख्या गरेको, अतिरिक्त मूल्य नै शोषणको

*बाँकी पृष्ठ २ मा*

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**अन्तरनगर महिला कबड्डी प्रतियोगितासम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० फागुन २९ देखि चैत्र ३ गतेसम्म हुने अन्तरनगर महिला कबड्डी प्रतियोगिताको लागि भक्तपुर नगरपालिका टिम तयारीको लागि खेलाडी छनोट गर्ने भएकोले इच्छुक भक्तपुर नगर क्षेत्रभित्रका महिला कबड्डी खेलाडीहरूले मिति २०८० फागुन १३ गतेभित्र भ.न.पा. प्रशासन शाखामा नाम दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु**

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौंः**

- आफखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।

कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# काल्हाँचा क्षेत्रमा रिटेनिङ वाल निर्माणबारे आयोजना प्रतिनिधिहरूसँग छलफल



भक्तपुर, ४ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्बन्धित वडा नं. ५ का वडाध्यक्ष, सडक विभाग सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजनाका प्रतिनिधिहरूको बैठक बस्यो ।

बैठकले भक्तपुर नगरपालिका र सडक विभाग सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजनाका प्रतिनिधिहरूबिच भएको उक्त छलफलले स्थानीय बासिन्दा र अन्य सडक प्रयोगकर्ताहरूलाई अप्ठेरो नपर्ने गरी दुवै पक्षका प्राविधिकहरूबिच छलफल गरी यातायात आवागमन सहज हुने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गऱ्यो । नेपाल सरकारको लागतमा सूर्यविनायकदेखि साँगासम्म रु. ३ अर्ब ९० करोड र साँगादेखि धुलिखेलसम्म रु. ४ अर्ब गरी करिब रु. ८ अर्बको लागतमा उक्त सडक निर्माण भइरहेको हो ।

# फौजदारी कसुरबारे जानकारी दिन ‘समुदायमा सरकारी वकिल’ कार्यक्रम

भक्तपुर, ४ फागुन । जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरको आयोजना र भक्तपुर नगरपालिका वडा नं. ९ को सहकार्यमा शुक्रबार ‘समुदायमा सरकारी वकिल’ कार्यक्रम भयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले फौजदारी कसुरसम्बन्धी कानुनी बन्दोबस्तबारे जनसमुदायमा जानकारी दिने र सोसम्बन्धी ज्ञान जनतामाझ पुऱ्याएर अपराध न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

देशमा बैङ्किङ कसुरसम्बन्धी मुद्दा बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले कुन काम स्थानीय तह र कुन काम अदालतले गर्ने हो सोसम्बन्धी अन्योल अन्त्य गर्ने उद्देश्यले यो कार्यक्रम उपलब्धिमूलक हुने बताउनुभयो ।

पहिलेको मुलुकी ऐन खारेज गरी अहिले फौजदारी संहिता कसुर र देवानी कसुरको कानुनी व्यवस्था रहेको प्रकाश पार्दै उहाँले कानुनी ज्ञानको अभावमा निकासमा समस्या आएको उल्लेख गर्नुभयो ।

उक्त अभिमुखीकरण तथा अन्तरक्रियात्मक कार्यक्रममा सरकारी वकिलका जिल्ला न्यायाधिवक्ता श्यामप्रसाद दाहालले सहभागीहरूको विभिन्न जिज्ञासाको जवाफ दिँदै काम र कानुन थाहा नभएर पीडित जनता न्यायबाट वञ्चित भइरहेको प्रकाश पार्नुभयो ।

पीडितहरूलाई न्याय दिन नै सरकारी वकिल कार्यालय खोलेको चर्चा गर्दै उहाँले समाजका अगुवाहरूलाई जागरूक बनाउन र आपराधिक क्रियाकलाप न्यून गर्दै जाने उद्देश्य कार्यक्रमको रहेको बताउनुभयो ।

सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता भक्ति उपाध्यायले न्यायको हक पीडितसमक्ष पुऱ्याउनुपर्ने अवाश्यकता औँल्याउँदै कानुनको अज्ञानता क्षम्य नहुने र एउटै काममा दोहोरो सजाय नहुने जानकारी दिनुभयो ।

कसुरअनुसार जन्मकैद, जरिवाना र क्षतिपूर्ति, कैदको सट्टा सुधार गृह वा सामुदायिक सेवा आदि कानुनी व्यवस्था रहेको प्रस्ट पार्दै उहाँले मर्कामा परेका व्यक्तिले प्रहरीमा जाहेरी दिने, प्रहरी आफै या अरू कसैले जाहेरी दिन पाउने उल्लेख गर्नुभयो ।

फौजदारी कसुरमा कसुर गर्नेले मात्र सजाय पाउने, राज्यले नै मुद्दा चलाउने, हदम्यादभित्र उजुरी दिनुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

भनपा वडा नं. ९ का वडा सदस्य छोरीमैया सुजखुले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्दै नपाले गरिरहेको गतिविधिबारे जानकारी दिनुभयो ।

# पूर्ण स्तनपान प्रवर्द्धनको लागि आयुर्वेदसम्बन्धी कार्यक्रम




भक्तपुर, ४ फागुन । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरको संयुक्त आयोजनामा भएको पूर्ण स्तनपान प्रवर्द्धनका लागि आमा समूह र स्वास्थ्यकर्मीहरूको लागि आयोजित आयुर्वेदसम्बन्धी कार्यक्रमको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले प्राकृतिक चिकित्साले नगरवासीहरूको स्वास्थ्य प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले आयुर्वेदसम्बन्धी कार्यक्रमले नगरवासीहरूको जीवन स्वस्थ बनाउन सहयोग गरिरहेको बताउनुभयो । उहाँले नेपालीहरूको दैनिक खानपानका कारण स्वास्थ्यसम्बन्धी विभिन्न समस्या आइरहेको बताउँदै भक्तपुर नगरपालिकाले नगरवासी र नयाँ पुस्तालाई स्वस्थ राख्न नगरका २३ वटा स्थानहरूमा खुला व्यायामशाला स्थापना गरिरहेको तथा २० मिनेटको दूरीमा स्वास्थ्य सेवा प्रदान गर्न ख्वप अस्पतालका साथसाथै भनपा १ मा आधारभूत स्वास्थ्य केन्द्र, भनपा-२ र ९ मा नगर स्वास्थ्य केन्द्रहरू, भनपा-५ मा जनस्वास्थ्य सेवा केन्द्र तथा भनपा-६ मा नागरिक आरोग्य केन्द्रबाट सेवा प्रवाह गर्दै आएको जानकारी दिनुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य सँगसँगै अनुसन्धानलाई पनि जोड दिँदै आएको बताउँदै स्वस्थ मानिसले मात्र शिक्षित, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सक्ने भएको हुँदा समाज विकासको लागि स्वास्थ्य क्षेत्रलाई विशेष जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरको सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष राजुप्रसाद अधिकारीले पूर्ण स्तनपान प्रवर्द्धनको लागि स्वास्थ्यकर्मीहरूलगायत स्थानीय आमा समूहको भूमिका अपरिहार्य रहेको बताउँदै नवजात शिशुहरूको शारीरिक तन्दुरुष्टी र मानसिक विकासको लागि आयुर्वेदका साथै पूर्ण स्तनपानको आवश्यकता माथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका कार्यालय प्रमुख डा. नरेन्द्रप्रसाद गिरी, जिल्ला स्वास्थ्य केन्द्र निमित्त कार्यालय प्रमुख शान्तिराम खतिवडा, भक्तपुर नपाका स्वास्थ्य संयोजक डा. रत्नसुन्दर लासिवाले पूर्ण स्तनपानको महत्त्वमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

उद्घाटन सत्रपश्चात् भएको प्राविधिक सत्रमा डा. नरेन्द्र गिरी र नर्स रचना सुवालले पूर्ण स्तनपानसम्बन्धी प्रस्तुतीकरण देखाउनुभएको थियो ।

# निःशुल्क आँखा शिविर

**- शिक्षा कपाली (प्रशिक्षार्थी)**

काठमाडौँ, ४ फागुन । कतिपय मानिसहरू आफ्नो शरीरमा रोग हुँदाहुँदै पनि पैसाको अभावका कारण त्यो रोगबाट ग्रसित भएर बस्छन्, स्वास्थ्य चेकअक गर्न पाइरहेका छैनन् ।

यस्तै कुरालाई मध्यनजर गर्दै विगत १६ वर्षदेखि हाम्रो नेपाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौँले स्वास्थ्य सचेतना एवम् शिविर बिहीबार सम्पन्न भएको संस्थाका अध्यक्ष तथा कार्यक्रम सञ्चालक गम्भीरमान पौडेलले बताउनुभयो । हरेक वर्ष विभिन्न ठाउँमा स्वास्थ्य शिविर कार्यक्रम गर्दै आएको उहाँले बताउनुभयो ।

स्वास्थ्य शिविरमा हार्ट एन्ड डायबिटिज, मधुमेह, रक्तचाप र थाइराडको परीक्षणको व्यवस्था गरिएको थियो ।

हाम्रो नेपाली बचत संस्थाले विभिन्न समयमा रक्तदान, सांस्कृतिक कार्यक्रम तथा दान व्यवस्था र निःशुल्क शिविर गर्दै आएको संस्थाका म्यानेजर विकासराज पौडेलले बताउनुभयो । संस्थाले मोतिबिन्दु लागेका ज्येष्ठ नागरिकहरूलाई निःशुल्क औषधिको पनि व्यवस्था भएको पौडेलले बताउनुभयो ।

कार्यक्रम संयोजक पौडेलका अनुसार स्वास्थ्य शिविरमा ५१० जनाले परीक्षण गरेका थिए । त्यसमध्ये ३१४ महिला थिए ।

***काठमाडौँ...***

प्रमुख आधार भएको चर्चा गर्दै पुँजीपतिवर्गको सम्पत्ति सर्वहारावर्गको साझा सम्पत्ति भएको मार्क्सले व्याख्या गर्नुभएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाले निर्वाचनलाई लेनिनवादी सिद्धान्तअनुसार उपयोग गरेको हो; निर्वाचनबाटै आमूल परिवर्तन हुन्छ र कामदार जनताको शासन सत्ता आउँछ भन्ने कुरामा नेमकिपा विश्वास राख्दैन ।”

उक्त भेलाले हरिशरण श्रेष्ठको अध्यक्षतामा नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर सम्मेलन समिति गठन गरेको छ ।

# शेयर बजारमा युवाहरूको आकर्षण

***- राहुल राजचल (प्रशिक्षार्थी)***

केही वर्षको अन्तरालमा नेपाली युवाहरू शेयर बजारप्रति आकर्षित भएको देखिन्छन् । पहिलाको तुलनामा शेयर बजारमा लगानीकर्ताहरू ठुलो सङ्ख्यामा बढेका छन् । शेयर बजारमा युवाहरू लगानी गर्नलाई इच्छुक देखिन्छन् । एक हजार लगानी गरेर शेयर बढेको अनुसार नाफा पाइन्छ । यसका कारण बैङ्कमा गएर Demat खाता खोल्नेको सङ्ख्या उत्तिकै बढेको छ । Demat खाता खोलेर उनीहरूले विभिन्न कम्पनीद्वारा जारी गरेको आइपीओ भर्न पाइन्छ ।

शेयर बजारमा दुई वटा बजार हुन्छ - प्राथमिक बजार र दोस्रो बजार । यी दुईमध्ये प्राथमिक वा सिधै दोस्रो बजार प्रवेश गरेर शेयर कारोबार गर्न सकिन्छ । कुनै कम्पनीद्वारा सर्वसाधारणको लागि जारी साधारण शेयर (आइपीओ) किन्न आवेदन दिनु प्राथमिक बजारमा प्रवेश गर्नु हो । दोस्रो बजारको तुलनामा प्रथमिक बजार धेरै सुरक्षित मानिन्छ । पछिल्लो समय आवेदकको सङ्ख्या बढ्दा आइपीओ (IPO) पर्ने सम्भावना पनि कम हुँदै गएको छ ।

माछापुच्छ्रे बैङ्क, नगरकोट शाखाका कर्मचारी दीपिका शिल्पकारका अनुसार अहिले Demat खाता खोल्नेको सङ्ख्या पहिलेको तुलनामा धेरै बढेको छ । आइपीओ (IPO) भर्ने आवेदक सङ्ख्या पनि उत्तिकै छ । उनका अनुसार Demat खाता खोल्ने सङ्ख्यामा धेरै युवाहरू छन् । उनी भन्छन्, पछिल्ला समय नेपालको शेयर बजारमा युवा लगानीकर्ताहरूको बलियो उपस्थिति छ ।

शेयर बजारबारे बुझेर लगानी गर्ने हो भने धेरै कमाउन सकिने शेयर बजारका अनुभवी लगानीकर्ता रामप्रसाद बताउँछन् । शेयर बजार आर्थिक उपार्जन गर्न चाहनेहरूको लागि प्रशस्त सम्भावना छ । त्योभन्दा बढी बजारमा गुमाउने सम्भावना रहन्छ भन्ने कुरालाई मनन गरेर लगानी गरे त्यस्तो लगानी सुरक्षित हुनसक्छ ।

उनका अनुसार शेयर बजारमा युवाहरू सहभागी हुनु राम्रो हो । आजकल युवाहरू पनि शेयर बजारमा लगानी गर्न थालेका छन् । यस्तै युवाहरूले लगानी गरे बजारमा राम्रो प्रभाव देखिन्छ । उनका अनुसार शेयर बजारमा लगानी गर्दा लगानीकर्ताले कमाउने र गुमाउने सम्भावना उत्तिकै हुन्छ । उनका अनुसार लगानी गर्दा धेरै कुराहरूमा ध्यान पुऱ्याउनु पर्छ । जस्तै -

- कुनै कम्पनीको अध्ययन र अनुसन्धान गरेर मात्र लगानी गर्नुपर्छ ।
- सस्तो भन्दा पनि गुणस्तरीय स्टक खरिद गर्नुपर्छ ।
- कुनै शेयर विश्लेषकको कुरा ध्यान दिएर लगानी गर्नुपर्छ ।

कसैको कुरा सुनेर लगानी अथवा कारोबार गर्नु हुँदैन । आफूले सोचेर, बुझेर र जानेर मात्र लगानी गर्नु उपयुक्त हुन्छ ।

# बझाङको परकाट्ने केन्द्रबिन्दु भएर भूकम्पको धक्का

काठमाडौँ, ४ फागुन । बझाङको थलारा गाउँपालिका स्थित परकाट्ने केन्द्रबिन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार शुक्रबार बिहान ९ बजेर ३२ मिनेट जाँदा परकाट्ने आसपास केन्द्रबिन्दु भएर चार दशमलव चार रेक्टरस्केलको भूकम्प गएको हो ।

यसअघि गत कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर भूकम्प जाँदा जाजरकोट र पश्चिम रुकुममा मात्र एक सय ५३ जनाले अकालमा ज्यान गुमाएका थिए भने दुई सयभन्दा बढी व्यक्ति घाइते भएका थिए ।

***रासस***

## शिक्षक आवश्यकताको सूचना

यस विद्यालयका लागि १(एक) जना ग्रेड शिक्षक आवश्यक भएकाले तपसिलबमोजिम योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र इच्छुक उम्मेदवारहरूले हस्तलिखित निवेदनसहित विद्यालय प्रशासनमा आवेदन दिनु हुन आह्वान गरिन्छ ।

| क्र.सं | पद | स्रोत | तह | विषय | सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | शिक्षक | निजी | पूर्व प्रा.वि. | ग्रेड शिक्षक | १(एक) |

तपसिल :

**१) आवेदनका साथ बुझाउने पर्ने कागजातहरू :**
क) हस्तलिखित निवेदन ख) नेपाली नागरिकताको प्रतिलिपि
ग) SEE वा सो सरहको योग्यताको प्रमाण पत्रको प्रतिलिपि
**२) उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**३) दर्खास्त दिने अन्तिम मिति** : २०८०/११/०८
**४) सम्पर्क मिति** : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट
**५) आवेदन दस्तुर** : रु. ५००/- (अक्षरुपी रु. पाँच सय मात्र)
**स्थान** : विद्यालय प्रशासन
***(नोट : अनुभवीलाई पहिलो ग्राह्यता)***

विद्यालय शिक्षक छनोट समिति
**बासु माध्यमिक विद्यालय**
कालिघाट,ब्यासी-२,भक्तपुर, फोन नं. ०१६६१५२५७/०१६६२०३००/०१६६१९०१४

# अर्बुद भएका पचास प्रतिशत बालबालिका अस्पतालको पहुँच बाहिर

भरतपुर, ४ फागुन । चितवनस्थित बिपी कोइराला मोमोरियल अर्बुद अस्पतालमा कार्यरत बाल अर्बुद रोग विशेषज्ञ कृष्णसागर पौडेलले नेपालमा अर्बुद भएका बालबालिकामध्ये पचास प्रतिशतभन्दा बढी अस्पतालको पहुँच बाहिर रहेका जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो, “नेपालमा वर्षेनी करिब एक हजार पाँच सयजना बालबालिकालाई अर्बुद हुने गरेको अनुमान छ । यसमध्ये अस्पतालको पहुँचमा आधा मात्र आउँदछन् । अस्पताल आउनेमध्ये बिपी कोइराला अर्बुद अस्पतालमा चार सयको हाराहारीमा मात्र छन् । ”

अस्पतालद्वारा अर्बुद भएका बालबालिकालाई स्टेसनरी सामग्री वितरण गर्न बिहीबार आयोजित कार्यक्रममा उहाँले भरतपुर अर्बुदअस्पताल आएका ६० प्रतिशत बालबालिकालाई अर्बुद निको हुने गरेको जानकारी दिनुभयो । उहाँका अनुसार समग्र नेपालमा निको हुने दर ३० प्रतिशत मात्रै रहेको छ । तर निको हुने दर बढाएर ८० प्रतिशत पुऱ्याउन सकिने उहाँको भनाइ छ । “अहिले अभिभावकमा चेतनाको कमी छ । आधा बिरामी त अस्पताल नै आउँदैनन् । आएका पनि उपचार प्रक्रिया पूरा नगरी बीचमै छोड्छन्”, उहाँले भन्नुभयो, “अस्पतालमा शय्याको सङ्ख्या थप गर्ने र उपचार सर्वसुलभ बनाउने हो भने बाल अर्बुदलाई न्यूनीकरण गर्न सकिन्छ ।”

विश्व बाल अर्बुद दिवसका अवसरमा आयोजित सो कार्यक्रममा अभिभावकबीच जनचेतनामूलक कार्यक्रमसमेत आयोजना गरिएको थियो । नेपालमा बालबालिकाको अर्बुद रोगको उपचार बिपी कोइराला मेमोरियल अर्बुद अस्पताल भरतपुरसँगै भक्तपुर अर्बुद अस्पताल, पाटन अस्पताल, तिलगङ्गा आँखा अस्पताल, कान्ति बाल अस्पताललगायत उपचार हुन्छ । विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई बाल अर्बुदसम्बन्धी विश्वव्यापी अभियानको ‘फोकस’ राष्ट्रका रूपमा समेत सूचीकृत गरेको छ । सरकारले बालबालिकाको अर्बुद उपचारका लागि अस्पतालमा उपलब्ध कतिपय सेवा नि:शुल्क गरेको छ ।

सरकारले एक लाखसम्मको औषधि नि:शुल्क उपलब्ध गराउँदै आएको छ । डा. पौडेलका अनुसार उपचार हुने अस्पतालमा पुगिसकेकामध्ये २० देखि ३० प्रतिशत आर्थिक अभावका कारणले उपचार नगरीकन वा उपचार बीचैमा छाडेर घर जाने गरेका छन् । नेपालमा बर्सेनि २५ हजार नयाँ अर्बुद रोगी थपिने गरेकामा तीमध्ये एक हजार पाँच सय बालबालिका रहने गरेका छन् । कार्यक्रममा बिपी कोइराला मेमोरियल अर्बुद अस्तपाल्का कार्यकारी निर्देशक डा. शिव पौडेल, उपनिर्देशक डा उमेश नेपाल, अभिभावक तथा बिरामीहरूको उपस्थिति रहेको थियो । (रासस)

# बल्ल ‘क्याथल्याब’ मेसिन उपयोगमा

लुम्बिनी, ४ फागुन । लुम्बिनी प्रादेशिक अस्पतालमा डेढ वर्षदेखि थन्काइएका मुटुसँग सम्बन्धित उपकरणको बल्ल सदुपयोग भएको छ । अस्पतालको कोठामा थन्किएका करोडौँ मूल्यका ‘क्याथ ल्याब मेसिन’ बाट बिरामीको उपचार सुरुआत गरिएको छ ।

अस्पतालमा मुटु रोगका बिरामीको उपचारका लागि भनेर प्रदेश सरकारले खरिद गरेका करोडौँ मूल्यका यस्ता स्वास्थ्य उपकरण सञ्चालन नगरी थन्काइएको विषयमा राससले गत भदौ २९ गते ‘महङ्गा स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्किए’ शीर्षकमा समाचार प्रकाशित गरेको थियो ।

यस्ता उपकरण सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनसँगै सेवा सुरु गरिएको मेडिकल सुपरिटेन्टेन्ट डा. सुदर्शन थापाले जानकारी दिनुभयो । अस्पतालका अस्पतालमा मुटु रोगका बिरामीको चाप बढ्दै गएपछि बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा दिन क्याथ ल्याब सेवा सुरु गरिएको उहाँले जानकारी दिनुभयो ।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अर्जुन बुढाथोकीसहितको विशेषज्ञ टोलीले अब प्रादेशिक अस्पतालमै मुटुको उपचार गर्नेछन् । वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बुढाथोकीको नेतृत्वमा बिरामीको एनजीओग्राम गरेर सेवा सुरु गरिएको र अबदेखि एन्जिओग्राम र एन्जियोप्लास्टिकका उपचार सेवा यहीँबाट गरिने मेसु डा. थापाले जानकारी दिनुभयो । एन्जिओग्राम (मुटुको धमनीमा कति ब्लकेज छ भनेर हेर्ने जाँच) सेवा सुरु भएको थप सेवा विस्तार हुँदै जाने उहाँले बताउनुभयो । डा. बुढाथोकीको नेतृत्वमा डा. रोशन घिमिरेसहितको टोलीले अस्पतालमा मुटुका बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् । अब मुटुसम्बन्धी समस्याका बिरामीको रोगको छिटो पहिचान गरी उपचार सेवा प्रदान गर्न सकिने उहाँको भनाइ छ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले क्याथ ल्याब सञ्चालनका लागि रू. २२ करोड विनियोजन गरेको छ । सेवा सञ्चालनका लागि लुम्बिनी प्रदेशको पहिलो सरकारकै पालामा पहल भएको र हाल आएर सेवा सञ्चालनमा आएको हो ।

कार्डियोलोजी विभागका जनस्वास्थ्य निरीक्षक रामप्रसाद अर्यालका अनुसार अस्पतालमा सिमेन आरसीटी एस मेसिन रहेको यसले मुटुसम्बधी उपचार गर्न सकिनेछ । क्याथल्याबमा दुईजना चिकित्सक, दुई स्टाफ नर्स, एकजना एनेस्थेसिया र एक हेल्पर गरी जम्मा आठजनाले सेवा दिइने उहाँले बताउनुभयो ।

मुटुसम्बन्धी समस्या भएर केही दिनअघि अस्पतालमा आएका दुईजना बिरामीको उपचार गर्दै सेवा सुरु भएको मेसु डाक्टर थापाले बताउनुभयो । उपचारपछि दुवै बिरामीको अवस्था सामान्य भएको छ । लुम्बिनी प्रदेश अस्पतालले प्रदेशकै विशेषज्ञ सेवासहितको सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा बहिरङ्ग (ओपीडी) मा दैनिक बिरामीको परीक्षण र उपचार गर्ने क्षमता पाँच सय जति रहेको छ तर यहाँ दैनिक दुई हजार पाँच सयसम्म बिरामी उपचारका लागि आउँछन् ।

**अझै प्रयोगमा आएनन् पेट रोगको उपचारका मेसिन**

प्रादेशिक अस्पतालमा ‘ग्यास्ट्रोइन्टेरोलोजिस्ट’ को सेवा प्रदान गर्ने उद्देश्यले करिब डेढ वर्षअघि नै ‘इआरसीपी’ मेसिन र ‘मोटराइज्ड स्पाइलर इन्टेरोसेपी’ मेसिन गरिद गरेर राखिएको छ । यी स्वास्थ्य उपकरणमध्ये ‘इआरसीपी’ मेसिन बिरामीको पित्त तथा कलेजोबाट निस्कने नलीको भागलाई रोग पहिचानका लागि दूरबिनबाट हेर्ने र कुनै ठाउँमा पत्थरी रोकिएको रहेछ भने निकाल्ने तथा उपचार गर्ने प्रविधि रहेको प्रादेशिक अस्पतालका मेसु थापाले जानकारी दिनुभयो ।

यस्तै ‘मोटराइज्ड स्पाइलर इन्डोसकोपी’ भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउन प्रविधि रहेको मेसु थापाले जानकारी दिनुभयो । यी उपकरण सङ्घीय सरकारको विनियोजित बजेटबाट करिब रु ६ करोडभन्दा बढी लागतमा खरिद गरिएका हुन् ।

आधुनिक प्रकारका यी उपकरणसहितको सेवा सञ्चालन गर्न ‘इआरसीपी’, ‘इन्स्टरोस्कोपी’ विषयमा तालिम लिएको डिएम ग्यास्ट्रोइन्टेरोलोजिस्ट जनशक्ति आवश्यक पर्ने हुन्छ ।



कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्र नगरमा रहको प्रमुख पर्यटकीयस्थल बुलबुले तालको सरसफाइ गरिँदै । तालको भित्रको फोहोर र घाँसहरू हटाएर अब केही दिनमा डुङ्गा चलाउने तयारी रहेको वीरेन्द्रनगर नगरपालिकाले जनाएको छ । *तस्बिर : सुरेश आचार्य/रासस*

# रोकिएन सडक दुर्घटना : तीन दिनमा लुम्बिनी प्रदेशमा २२ जनाको मृत्यु

**- राधेश्याम विश्वकर्मा**

भैरहवा (रुपन्देही), ४ फागुन । फागुन लागेकैदिन पाल्पामा जिप दुर्घटना हुँदा १० जनाले अकालमा ज्यान गुमाउनुपऱ्यो । १३ जनाको सिट क्षमता रहेको जिपमा २७ जना यात्रु सवार रहेका थिए । जिप उकालोमा तान्न नसकेपछि दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

बिहीबार कपिलवस्तुको सुरही नाकामा बस दुर्घटना हुँदा पनि १० जनाले ज्यान गुमाउनु पऱ्यो । सोही बसमा सवार अन्य ३० जना घाइते भएको प्रहरीको भनाइ छ । बस तीव्र गतिमा रहेका कारण दुर्घटना भएको जनाइएको छ ।

गत माघमा दाङको भालुवाङमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको थियो । तीव्र गतिमा रहेको बस ट्राफिक प्रहरीलाई छल्दै सोझै राप्ती नदीमा खसेको थियो । यी घटनाहरू त प्रतिनिधिमूलक घटनामात्र हुन् । लुम्बिनी प्रदेशमा मात्रै पछिल्लो चालु आर्थिक वर्षको ६ महिनामा दुई सय ८५ जनाले ज्यान गुमाएको प्रहरी तथ्याङ्क छ । फागुन महिनामा मात्रै २२ जनाले ज्यान गुमाएको र घाइतेको गम्भीर अवस्थालाई हेर्दै यो सङ्ख्या अझै बढ्न सक्ने ट्राफिक प्रहरीको भनाइ छ ।

विशेषत: प्रदेशको पहाडी जिल्लामा भएको दुर्घटनामा परेर हताहत हुने सङ्ख्या बढी रहेको छ । ट्राफिक प्रहरी, सवारी चालक एवं बस व्यवसायीहरूको चेपुवामा यात्रुहरूले ज्यान गुमाइरहँदा यी सरोकारवाला एकअर्कालाई दोषारोपण गरिरहेका छन् । ट्राफिक प्रहरीले चालक, सडकको अवस्था एवं सवारीको स्थितिलाई देखाउँदै यिनीहरूलाई दुर्घटनाको कारक बताइरहेको छ । बस व्यवसायीहरूले भने ट्राफिक प्रहरीले दुर्घटनाका नाममा अनावश्यक जाँच गरी मानसिक तनाव दिएको आरोप छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख प्रहरी उपरीक्षक कृष्ण प्रसाईंले प्रारम्भिक अनुसन्धानमा चालककै लापरबाहीका कारण दुर्घटना भएको बताउनुभएको छ । तीव्र गति, अत्यधिक भारवहनका कारण पाल्पा र कपिलवस्तुको दुर्घटना भएको उहाँको भनाइ छ ।

हालको घटनामा चालकको लापरबाही देखिए पनि दुर्घटनामा अन्य कारणले पनि प्रभाव पार्ने गरेको उहाँ बताउनुहुन्छ । मुख्यतया: चालक तथा यात्रुले ट्राफिक नियमको पालना नगर्नु, सडकको अवस्था, सवारी साधनको अवस्था, मापसे, चालकहरू पेसाप्रति जवाफदेही नहुनु, भौगोलिक विकटता, अत्यधिक सवारी चापलगायत कारण लुम्बिनी प्रदेशका दुर्घटनाका मुख्य समस्याका रूपमा रहेका छन् ।

प्रहरी उपरीक्षक प्रसाईंले दुर्घटना न्यूनीकरणमा ट्राफिक प्रहरीसँग सीमित स्रोत साधन रहेको बताउनुभयो । “ट्राफिक व्यवस्थापन प्रविधिमैत्री र डिजिटाइलेजेसन गर्न आवश्यक छ, अहिले ट्राफिक प्रहरीमा यी दवैको खाँचो छ,” उहाँले भन्नुभयो, “हामीले पर्याप्त कारबाही गरेका छौँ, प्रहरीले सचेतनासँगै सजाय गरे पनि त्यो पर्याप्त हुन सकेको छैन ।”

उहाँले ट्राफिक प्रहरी प्रविधि र उपकरणमा कमजोर रहेको बताउनुभयो । यसका लागि स्थानीय निकायहरूसँग पटकपटक अनुरोध गरे पनि त्यो सफल हुन भने नसकेको उहाँको भनाइ छ । उहाँको सडक दुर्घटना कम गर्न ट्राफिक प्रहरी मात्र नभई सबै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्ने तर्क छ ।

दुर्घटना कुनै एक विशिष्ट एक कारणले हुने नभई यसमा धेरै तत्वले प्रभाव पारिरहेको बस व्यवसायीहरूको भनाइ छ । सबै घटनामा चालकलाई मात्र दोषारोपण गरे उम्किन नमिल्ने पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेल बताउनुहुन्छ । उहाँले चालकलाई सबैभन्दा बढी कामको भार थपिएको बताउनुभयो । “चालकले बस चलाउनमा ध्यान दिनुपर्नेमा ऊ यात्रुदेखि अन्य कुराहरूमा व्यस्त हुने गरेको छ,” उहाँले भन्नुभयो, “यस्तोमा उसलाई दुर्घटना न्यूनीकरणभन्दा पनि यात्रु कसरी बढाउने र कसरी रकम कमाउनेमै ध्यान जाने गरेको छ ।”

अहिले यात्रुको चाप भन्दा सवारी साधनको चाप बढी भएको कारण चालकलाई यात्रु कसरी बढाउन सकिन्छ भन्ने मानसिक तनाव रहेको उहाँको भनाइ छ । यसबाहेक ट्राफिक प्रहरीले एउटै प्रदेशमा १० स्थानमा जाँच गरेर चालकलाई आक्रान्त बनाएको उहाँको आरोप छ । जरिवाना उठाउने सरकारको नीति पनि दुर्घटनाको कारक रहेको हुँदा प्रदेशले कति जरिवाना उठाउने भन्ने निक्र्यौल हुनुपर्ने धारणा राख्नुभयो । खरेलले ट्राफिक व्यवस्थापन व्यवस्थित गर्नका लागि कार्ययोजना बनाई स-साना कुरामा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

लुम्बिनी प्रदेशमा आव २०७७/०७८ मा एक हजार दुई सय १२ दुर्घटनामा परी पाँच सय २७ जनाले ज्यान गुमाएका थिए । सोही आर्थिक वर्षमा एक हजार ८३ जना गम्भीर घाइते र सात सय ४० जना सामान्य घाइते भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको तथ्याङ्कले देखाएको छ । आव २०७८/०७९ मा एक हजार एक सय ६४ सवारी दुर्घटनामा परी पाँच सय ५१ जनाले ज्यान गुमाउनाका साथै एक हजार एक सय २३ जना गम्भीर घाइते तथा पाँच सय १७ जना सामान्य घाइते भएका थिए ।

आव २०७९/०८० मा भने आठ सय ९२ सवारी दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या चार सय ६२ रहेको थियो । सो आर्थिक वर्षमा सात सय ९९ जना गम्भीर घाइते तथा चार सय ७७ जना सामान्य घाइते भएको तथ्याङ्कमा उल्लेख छ । *रासस*

# भवितव्य दुर्घटना राहत कोषको स्थापना गर्न माग

काठमाडौँ, ४ फागुन । देशभरका यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले भवितव्य दुर्घटना राहत कोषको स्थापना गर्न सरकारसँग माग गरेको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले बिहीबार विज्ञप्ति जारी गरी पछिल्लो समय दुर्घटना बढेकामा दु:ख व्यक्त गर्दै भवितव्य दुर्घटनाका लागि राहत कोषको स्थापना गर्न सरकारसँग माग गर्नुभयो ।

महासङ्घले बिहीबार बिहान महेन्द्रनगरबाट यात्रु लिएर काठमाडौँ आउँदै गरेको सुनौलो महाकाली यातायात प्रालिको रात्रि सेवामा सञ्चालित सुपप्र ०२-००१ ख ००९८ नंको यात्रुवाहक बस कपिलवस्तुको शिवराज नगरपालिका-१ मा दुर्घटना हुँदा १० जना यात्रुको घटनास्थलमा मृत्यु हुनाका साथै १५ जना घाइते भएको घटनाप्रति दु:ख व्यक्त गरेको हो ।

महासङ्घले उक्त भवितव्य दुर्घटनाबाट मृत्यु भएका आम यात्रुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उपचारका क्रममा रहेको घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले भवितव्य रूपमा भएको दुर्घटनाको सत्यतथ्य छानबिनको माग गर्दै मृतकको परिवारलाई उचित क्षतिपूर्ति दिन सरकारसँग आग्रह गर्नुभयो । उहाँले दुर्घटनामा घाइते भएकाको उपचारको जिम्मेवारी लिनसमेत सरकारसँग माग गर्नुभएको छ ।

महासङ्घले देशका विभिन्न भागमा भवितव्य रूपमा हुने सडक दुर्घटनामा केन्द्रीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र मजदुर सङ्गठनको सहभागिता रहने गरी दुर्घटना न्यूनीकरण कार्यदल गठनका लागि सरकारसमक्ष अनुरोध गरेको छ । (रासस)

। सम्पादकीय ।

# सरकारहरूले के गर्नुपर्थ्यो र नगर्दा के भयो ?

देशमा आमूल परिवर्तनको अर्थ कुनै व्यक्तिलाई गद्दीमा राख्नु होइन बरु समाजमा नयाँ सकारात्मक हेरफेर ल्याउनु हो । जनताले आशा गरेका केही विषय निम्न छन् -

(क) शिक्षा र स्वास्थ्य सबै जनताले सजिलै पाउनेछन् ।

(ख) रोजगारको निम्ति व्यक्तित्व विकास गर्न समान अवसर पाउनेछन् ।

(ग) हरेक क्षेत्रमा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला पाउनेछन् ।

(घ) उत्पादनका साधनहरू (उद्योग, कलकारखाना) सीमाभन्दा बढी भूमि जोताहा किसानले जोत्न पाउनेछन् ।

(ङ) देशको उद्योगधन्दाको विकास गर्न देशभक्त साहुमहाजनलाई अर्थात् राष्ट्रिय पुँजीपतिवर्गलाई अगाडि बढाउनेछ ।

(च) आफ्नै देशमा हरेक साल युवाहरूलाई स्वदेशमै रोजगार दिनेछ ।

(छ) सहकारी संस्थाहरूको स्थापनापछि कृषि उत्पादन बढाउन सामूहिक खेती र ठुलो आकारको खेतीलाई विकास गर्नेछ ।

(ज) शिक्षालाई उत्पादन श्रमसँग मिलाउनेछ ।

(झ) गोर्खा भर्तीकेन्द्र र अन्य असमान सन्धि-सम्झौता खारेज गरिनेछ ।

(ञ) ६७ ठाउँमा भारतसँगको सीमा विवादलाई मित्रतापूर्ण र शान्तिपूर्ण छलफलबाट सल्टाउनेछ ।

तर, ती जनताका इच्छा र आकाङ्क्षालाई सरकारले उच्चारणसम्म गर्न चाहेनन् । जनताले वर्षौंदेखि सरकारहरूलाई मत दिएर सहयोग गरेका थिए । तर, परिणाम उल्टो भयो । किन ?

(१) सार्वजनिक विद्यालयहरूमा विद्यार्थी छैनन् र निजी विद्यालयहरूमा खचाखच विद्यार्थी छन् । सरकारी विद्यालयका शिक्षकहरू धेरैजसो सरकारी नियुक्ति वा शासक दलहरूले अयोग्य र अल्छी शिक्षकहरू नियुक्ति गरेका थिए । यसकारण, सरकारी विद्यालयहरू बन्द हुँदै गए । यसमा शासकहरू नै दोषी छन् ।

(२) रोजगारीको निम्ति सबै योग्य र उमेर पुगेका बिनापक्षपात जिल्ला-जिल्लामा तालिम चलाएको भए पक्षपात हुने थिएन । सबै क्षेत्रका युवाहरूले काम पाउँथे र सीप सिकेर उत्पादन कार्य र निर्माण कार्यमा लाग्थे ।

(३) योग्यताअनुसारको काम र कामअनुसारको ज्याला दिएको भए सरकारले दिएको काम राम्रो हुन्थ्यो र सडक र सरकारी भवन, चोक र विद्यालयहरू सुन्दर र बलियो हुन्थ्यो । युवाहरूले निरन्तर काम पाउँथे । सरकारको भर नहुँदा सबै विदेश गए ।

देशका अस्पतालहरूमा डाक्टरहरू छैनन्, सरकारले खाली ठाउँमा डाक्टरहरूको नियुक्ति दिएको भए डाक्टरहरू बिदेसिने थिएनन्, त्यस्तै स्थिति नर्सहरूको पनि छ । समयमा उपचार नपाउँदा गाउँ र जिल्लाका रोगीहरू मर्दै छन् ।

(४) सरकारी उद्योगहरू छाला तथा जुत्ता कारखाना, भृकुटी कागज कारखाना, कृषिऔजार कारखाना, चिनी कारखाना, इँटा टायल कारखाना, ट्रली बस, जनकपुर चुरोट कारखाना आदि एसियाका राम्रा राम्रा कारखानाहरू सबै निजीकरण गर्दै बेच्दै गए - कौडीको मोलमा । अनि कामदार जनता बेरोजगार भए ।

(५) देशभक्त र इमानदार साहुमहाजनहरूलाई व्यापार र उद्योगको विकास गर्न दिएको भए पनि धेरैले काम पाउँथे ।

(६) सहकारीको कमीकमजोरी हटाएर खेती उत्पादन, कुटीर उद्योग र घरेलु उद्योगमा लगानी गर्न दिएको भए सहकारीहरू अरबौं रकम लिएर भाग्ने अवसर पाउँदैनथे, शेयर धनी जनतालाई दु:ख पनि हुँदैनथ्यो । कृषिमा देश आत्मनिर्भर हुने थियो । कुटीर व्यवसाय र घरेलु उद्योग फस्टाउने थियो र धेरैले रोजगारी पाउने थिए ।

(७) शिक्षालाई उत्पादन श्रमसँग मिलाएको भए युवाहरूले पढ्नुको साथै आ-आफ्नै रोजगार श्रृजना गर्थे, गाउँ र जिल्लामा खेत बाँझो हुँदैनथ्यो ।

(८) गोर्खा भर्ती र असमान सन्धिहरू खारेज भएको भए, देशको इज्जत बढ्ने थियो - सबै देशले नेपालसँग राम्रो व्यवहार गर्थे ।

(९) भारतसँगको विवादित सीमा मित्रवत् र शान्तिपूर्ण समानस्तरमा समाधान भएको भए चोरी निकासी, अपराध, नक्कली नोट र लागूपदार्थको आयातजस्ता अपराधको काममा नियन्त्रण हुँदै जान्थ्यो ।

(१०) सीमाका समस्याहरूका यी सबै कामहरू युवाहरूलाई काम लगाउन पाउने थियो ।

# गाजाको वर्णन : अरबीमा दुखाइ, अङ्ग्रेजीमा जानकारीमात्र

✍ नबिल इच्छाइबी

अङ्ग्रेजीमा बोल्दा वार्डनको चाबी हेरिरहेको कैदीजस्तो लाग्छ ।

एक अरबको रूपमा, मलाई प्यालेस्टिनीहरूको लागि लेख्न आवश्यक छैन । प्यालेस्टिनीहरूले वर्षौंदेखि हामी सबैलाई आफ्ना शब्द, गीत, गद्य, पद्य, मौनता, रगत र अङ्गहरूले लेखेका छन् । तर, तिनीहरूको कथन, जतिसुकै सुमधुर, नम्र, क्रोधित वा कष्टप्रद भए पनि सुनाइन असम्भव भइरहेको छ ।

आज गाजामा बमको वर्षा हुँदा, हजारौँ नागरिकको मृत्यु र अपाङ्गता र लाखौँभन्दा बढी विस्थापित हुँदा प्यालेस्टिनीको पीडा, प्यालेस्टिनी आँसु कसरी लेख्ने ? मान्यताको शिष्टता पूरा गर्न प्यालेस्टिनीहरूले आफ्नो शोकको लागि विश्वासको कस्तो बोझ सहनुपर्छ ? उनीहरूको पीडा कुन भाषामा बुझिने ? कुन माध्यमले उनीहरूको पीडालाई सुरक्षामा बदल्छ ?

अरबीमा, प्यालेस्टिनी पीडालाई अनुवादको आवश्यकता छैन । यो पीडादायी र छेड्नेखाले छ । प्यालेस्टिन टीभी च्यानलको लाइभ कभरेजको यो दृश्यलाई विचार गर्नुहोस् जब रिपोर्टर सलमान अल-बशीरले गाजामा बम विस्फोटमा आफ्ना सहकर्मी मोहम्मद अबु हताब र उनको सम्पूर्ण परिवारको मृत्युको खबर दिने क्रममा लाइभ ब्रेक गरे ।

अल-बशीर, अस्पताल बाहिर र आँसुमा बोल्दै पूर्ण निराशाको भावमा आफ्नो सुरक्षात्मक वस्त्र हटाए, जब उनले एम्बुलेन्सको धमिलो आवाजको बिचमा आफ्नो साथीको हत्याको पीडादायी विवरण दिए । "हामी र पहिले नै मरेकाहरूबिचको फरक मात्र समयको प्रश्न हो," उनले भने ।

"हामीलाई एकपछि अर्को गर्दै शिकार गरिनेछ । गाजामा भएको यो त्रासदीको गम्भीरता कसैले पनि हामीलाई हेर्दैन वा बुझ्दैन । कुनै पनि अन्तर्राष्ट्रिय संरक्षण छैन । यी ज्याकेट र यी हेलमेटहरूले हामीलाई कुनै पनि कुराबाट जोगाउँदैनन् । तिनीहरू केवल नाराहरू हुन् जुन हामीले केहीको लागि लगाउँदैनौं । हामी शुद्ध पीडित हावामा बाँचिरहेका छौँ । हामी केवल हाम्रो मृत्यु आउने समयको पर्खाइमा छौँ ।"

म चाहन्छु कि अरबी भाषा बुझ्ने सबैले यस रिपोर्टरको शब्दमा पीडाको ध्वनि कम्पन महसुस गरून् र स्टुडियो एन्करको आवाजमा पीडासँग जोडिनुहोस् जब उनी पृष्ठभूमिमा रोइरहेकी छन् । यस जिब्रोमा कुनै अविश्वास छैन, इमानदारीको परीक्षा छैन र मानवताको प्रमाणको हृदयहीन अपेक्षा छैन ।

अङ्ग्रेजीमा, अल-बशीरको यातनालाई प्रश्न, शङ्का वा आत्म-निन्दाको मागबाट स्वागत गरिएको थियो, जबकि यो कथनले अरबीमा कोमल कोरसको रूपमा पाउँछौँ । अङ्ग्रेजीमा यसले हजारौँ बालबालिकालाई जानाजानी मारिएको, दर्जनौँ पत्रकारहरूलाई निशाना बनाएको, अस्पताल र विद्यालयमा बम विस्फोट गरेको र अनगिन्ती घरहरू ध्वस्त भएको डरलाग्दो प्रमाणको डरलाग्दो थुप्रोको बाबजुद अनन्त प्रमाणीकरण गर्नका लागि मात्र जानकारीको रूपमा दर्ता गरेको छ ।

चिच्याहट र विलापबाट डरले थरथर काँपिरहेका बालबालिकाको असह्य दृश्यहरू, काखमा मरेका बच्चाहरू बोकेका आमा बुबाको रुवावासी र जीवनमा दुईपटक नक्बाको त्रास भोग्न बाध्य वृद्धवृद्धाहरूको पीडाबाट किन यो प्यालेस्टिनी पीडा कुनै समाधानबिनाको अन्तहीन प्रदर्शन जस्तो लाग्छ ? तिनीहरूको पीडालाई किन अनगिन्ती बयान र हस्ताक्षर चाहिन्छ ? अर्को मानवलाई उनीहरूको मानवताको लागि अडिसन लिने हामी को हौँ ?

**प्यालेस्टिनी गवाही किन निषेधित छ ?**

प्यालेस्टिनीहरूले १७४८ देखि आफ्नो भूमि कब्जा गर्न थालेपछि मेटाउने र मेटाउने अवस्थाको सामना गर्नुपरेको छ । तिनीहरूको अनुभवको मुटुमा एउटा औपनिवेशिक परियोजना हो जसले आफ्नो भूमिबाट जनतालाई निष्कासन र हटाउने कार्यलाई पछ्याउँछ र साथसाथै जग्गा खाली र मानिसहरूविहीन थियो भनी बहाना बनाउन मिल्छ ।

७५ वर्षदेखि प्यालेस्टिनीहरूले कब्जाको व्यवस्थित अभियानको प्रतिरोध गर्नुपरेको छ जसले उनीहरूको इतिहासलाई बदनाम गरेको छ र तिनीहरूलाई अदृश्य बनाएको छ । त्यसबेलादेखि हिंसाको प्रत्येक वृद्धिमा, यस पेसाको इतिहासलाई खण्डित तथ्यहरू, गलत जानकारी र साक्षीहरूको निरन्तर बदनाम गरिएको अनुमानित जाल प्रदान गरिएको छ ।

हिंसाका यी डरलाग्दो श्रृङ्खलाहरुमा जसको आज हामीले साक्षी दिइरहेका छौँ - प्यालेस्टिनीहरूले सधैँ अस्वीकार्य विरोधहरूको शृङ्खलाको विरुद्धमा आफ्नो कथाको रक्षा गर्नुपर्दछ र उनीहरूको पीडालाई क्रूर आशाका साथ संसारमा प्रस्तुत गर्नुपर्दछ कि सायद यस पटक विश्वले अन्ततः तिनलाई विश्वास गर्नेछ ।

**के प्यालेस्टिनीहरूलाई कहिल्यै पत्याइएको छ ?**

यसको सट्टा र विश्वभरका राजधानीहरूमा अभूतपूर्व सडक समर्थनको बाबजुद, प्यालेस्टिनी पीडाले अङ्ग्रेजी, अवैध र आकस्मिक भाषामा अपूर्ण महसुस गर्छ । नराम्रो, यो यस्तो सुनिन्छः "मानव जनावरहरू, गाजा समतल तिनीहरूलाई समाप्त गर; भग्नावशेष उछाल; तिनीहरूका बच्चाहरूले मेइन काम्फ (हिटलरको आत्मकथा) लाई आफ्नो ओछ्यानमा राख्छन्; तिनीहरूका आमाहरूले राक्षसहरू हुर्काउँछन्; तिनीहरूले आफ्ना अस्पताल र विद्यालयहरूमा आतङ्कवादीहरूलाई लुकाउँछन्; तिनीहरू सबै बर्बर हुन् ।"

संलग्नताका नियम, जेनेभा महासन्धि र अन्तर्राष्ट्रिय कानुनको यहाँ कुनै अर्थ छैन । ती सबैलाई मार, तिनीहरूलाई अमानवीय बनाऊ र संसारलाई बताऊ कि कब्जाकारी इजरायल नै अन्तिम पीडित हो जबकि अकथनीय सत्य हाम्रो स्क्रिनमा प्रकट हुन्छ ।

लेखिका अदानिया शिबलीले आफ्नो २०१८ को मास्टरपीस 'माइनर डिटेल' मा उल्लेख गरेजस्तै प्यालेस्टिनी कथनको असम्भवतालाई कसैले पनि देख्दैन, अरबीमा एउटा मनमोहक कथा जसले सीमान्तकृतहरूको खातालाई दबाउन र उनीहरूको आफ्नै कथा सुनाउने अधिकारलाई कुण्ठित गर्ने कब्जाकर्ताको हठलाई अस्वीकार गर्दछ ।

शिबलीले सन् १९४९ मा १७ इजरायली सैनिकको समूहद्वारा बारम्बार बलात्कृत र मारिएकी एउटी बेदुइन ( घुमन्ते जातिको) केटीको बारेमा अभिलेखबाट एउटा डरलाग्दो र राम्रोसँग अभिलेखित 'विवरण' निकाल्छन् । युवतीको चिहान फेला पार्न र यस 'अयोग्य जीवन' को कथा पुनः बताउने एक रमल्ला महिलाको कथनको माध्यमबाट, उपन्यासले प्यालेस्टिनको अनुपस्थितिको पीडालाई पुनःस्थापित गर्न अपूर्ण अभिलेख, मेटाइएको नक्सा र कमजोर सम्झनाहरूको सहारा लिन्छ । १९४८को नक्बाको पीडादायी अनुभव मौनता र विकृतिमा ढाकिएको घटनाका टुक्राहरूलाई एकै ठाउँमा टुक्र्याउने शिबलीको परिश्रमशील प्रयास आफैँ मेटाउने प्रयास भएको छ । अक्टोबर ७ को आक्रमणको केही समयपछि, जर्मन साहित्यिक सङ्घ लिटप्रोमले प्रकाशन संसारको प्रतिष्ठित कार्यक्रम फ्राङ्कफर्ट पुस्तक मेलामा 'माइनर डिटेल' लाई पुरस्कृत मनाउने निमन्त्रणा फिर्ता लियो ।

एक अन्तर्वार्ता जुन लेखकसँग निर्धारित गरिएको थियो, जसको पुस्तक संयुक्त राज्य अमेरिकामा २०२० मा राष्ट्रिय पुस्तक पुरस्कारको फाइनलमा थियो, मेला आयोजकहरूका अनुसार 'कम राजनीतिकरूपमा आरोप लगाइएको वातावरण' पछि स्थगित गरिएको थियो ।

दफन स्थलको स्थानमा ध्यान दिँदै, शिबली र उनको कथाकारले सबै प्यालेस्टिनीहरूको आवाजलाई पुनः दाबी गर्न जोड दिइरहेका छन् जुन कब्जाबाट मौन छन् र उनीहरूको निरन्तर रद्दको भारबाट निराश छन् । उत्सव रद्द गरेर लिटप्रोम (Litprom) ले प्यालेस्टिनी कथा कथन अन्ततः संदिग्ध छ भनेर पुनः पुष्टि गर्‍यो ।

**के प्यालेस्टिनीले कहिल्यै जीवन वर्णन गर्नसक्छ ?**

धेरैले इजरायलको आफ्नो रक्षा गर्ने अधिकारको समर्थन गर्छन् । म यहूदीहरूको विनाशको त्रास बुझ्छु । यो वास्तविक हो र म त्यो स्मृतिको भारीपनलाई कहिल्यै हल्का गर्दिनँ । तर, त्यो त्रासले प्यालेस्टिनीहरूको सदाको लागि मेटिने त्रासलाई किन बढावा दिनुपर्छ ? कुन कुराले एउटा त्रासलाई बढी स्वीकार्य, अर्कोभन्दा बढी सान्दर्भिक बनाउँछ ?

किन प्यालेस्टिनी जीवन अरूको डरको मुद्दाको रूपमा मात्र अवस्थित हुनुपर्छ ? के प्यालेस्टिनीहरूलाई तिनीहरूको अस्तित्वको रोगको मात्र लेखाको रूपमा निन्दा गरिन्छ ? तिनीहरूले सिर्जना नगरेको त्रासबाट स्वतन्त्रता पाउन किन योग्य छैनन् ?

अझै पनि हामीले प्यालेस्टिनीहरूको बाँच्ने अधिकारमात्र होइन, प्यालेस्टिनीहरू प्रतिरोध गर्न मात्र बाँच्दैनन् भन्ने तथ्यलाई पनि पुष्टि गर्नुपर्दछ । तिनीहरू पनि प्रेममा पर्छन्, हाँस्छन्, गाउँछन्, खेल्छन्, प्रार्थना गर्छन्, नाच्छन्, पकाउँछन्, प्रेम गर्छन्, कला बनाउँछन्, अभिनय गर्छन्, लेख्छन्, खेती गर्छन्, कथा सुनाउँछन्, सपना देख्छन्, शोक गर्छन्, बिर्सन्छन्, माफ गर्छन् र सम्झाउँछन् । दु:खको कुरा, हामी तिनीहरूलाई यसरी देख्दैनौँ ।

यो सबै धेरै परिचित छ ।

**बाँकी पृष्ठ ६ मा**

# विद्यालयस्तरीय खेलकुद प्रतियोगितालाई अझै व्यवस्थित गर्नु आवश्यक



पाठक पत्र

majdurdaily@gmail.com

भक्तपुर नगरपालिकाले विगत केही वर्षदेखि आयोजना गर्दै आएको नगरव्यापी विद्यालयस्तरीय खेलकुद महोत्सव नगरपालिकाले गर्दै आएको राम्रो काममध्येको एउटा हो । थोरै प्रयासले पनि यो खेल महोत्सव अझै धेरै व्यवस्थित हुनसक्ने ठाउँ देखेको छु । मेरो तर्फबाट केही सुझावहरू प्रस्तुत गर्दछु ।

१. खेल अवधिभर आयोजक, सम्पूर्ण खेलका जिल्ला सङ्घहरू, विद्यालय प्रशासन, खेलाडी एवं प्रशिक्षकहरूलाई सहयोग र समन्वय गर्न एउटा सचिवालयको तड्कारो आवश्यकता महसुस भयो । सचिवालयले खेलकुद महोत्सव सुरु हुनुअघि नै विभिन्न खेलका फारामहरू, खेल हुने विधा, खेलका नियम, खेल हुने मिति, स्थान, समय आदिको बारेमा सबैलाई सुसूचित गर्ने कार्य समयमै भयो भने अन्योल हुँदैन । समयमै सूचना प्रवाह नहुने समस्या देखियो । उदाहरणको रूपमा एथलेटिक्सअन्तर्गत कुन कुन विधामा खेलहरू हुने भन्ने कुरा प्रस्ट थिएन । जिम्मा परेको सम्बन्धित वडामा फोन गरेर बुझ्न खोज्दा स्पष्ट उत्तर मिलेन । खेल सुरु हुनु एक दिनअघि बेलुकातिर मात्र कुन खेल कति गते कति बजे हुने भन्ने सूचना प्रकाशित भयो । त्यतिञ्जेलसम्म विद्यार्थीहरू स्कूलबाट घर गइसकेको अवस्था थियो । उद्घाटनकै दिन बिहानैदेखि एथलेटिक्सका इभेन्टहरूका खेलहरू सञ्चालन भए । समयमै सूचना नपाएको कारण खेलाडीहरू खेलस्थलमा समयमै पुऱ्याउन सकस भयो ।

२. खेलका फारामहरू भक्तपुर नगरपालिकाको वेबसाइटमा राखेर आवश्यकताअनुसार विद्यालयले नै प्रिन्ट गरेर लिन मिल्ने बनाउँदा उत्तम हुन्छ ।

३. आयोजना हुने सम्पूर्ण खेलका सामान्य नियमहरू पनि वेबसाइटमा राख्यो भने नियम नबुझेर हुने समस्याहरू न्यूनीकरण हुन्छ ।

४. केही खेलस्थलमा पर्याप्त पानीको व्यवस्था भएको पाइएन ।

५. सचिवालयले भाग लिने सम्पूर्ण खेलाडीहरूको रेकर्ड राख्दा राम्रो हुन्छ । पदक जित्नेको रेकर्ड त अनिवार्य भयो । सहभागी अन्य खेलाडीहरूको पनि रेकर्ड राख्नुपर्ने हुन्छ । यसको लागि एउटा डिजिटल सिस्टम बनाउँदा उपयुक्त होला ।

६. हरेक दिन सचिवालयले सम्पूर्ण खेलस्थलबाट रेकर्ड सङ्कलन गरी त्यस दिनसम्ममा कुन स्कूलले कतिवटा पदक जित्यो भनी तालिका सार्वजनिक गर्दा राम्रो हुन्छ । जुन यो वर्ष सुरु भएको छ । यसलाई निरन्तरता दिनुपर्दछ । यसले प्रतिस्पर्धात्मक भावना विकास गराउँछ ।

७. विद्यालयहरूमध्ये समग्रमा सबैभन्दा बढी पदक जित्ने विद्यालयलाई एक वर्षको लागि दिने गरी ठुलो कप (रनिङ कप) को व्यवस्था गर्दा राम्रो हुन्छ ।

८. प्रतियोगिता अवधिभर खेलाडीहरू घाइते भएको अवस्थामा स्वास्थ्य उपचारबीमाको बन्दोबस्त भए राम्रो ।

- *जयराम कोजु*

# चीन यात्रा – २

✍ **नारायणमान बिजुक्छें**

**मार्को पोलो पुल (Lugou Bridge)**

११ भदौ २०५२ आइतबार (27 August 1995) को दिन बिहान ८ बजे हामी लुकोउ पुल हेर्न गयौँ । त्यसलाई 'मार्को पोलो' पुल पनि भन्ने गरिन्छ । मार्को पोलो पुल एक युरोपेली यात्रु हुन् । उनी आउँदा यहाँ पुलमा कुँदिएका सिंहहरूका कलात्मक चित्रहरू सान्है सुन्दर र आकर्षक भएको हुनाले उनको डायरीमा त्यसको राम्रो बयान गरिएको थियो । यसकारण, यस पुलको नाम नै 'मार्को पोलो' पुल राखिएको रहेछ । यो पुललाई चिनियाँ भाषामा लुकोउ पुल (Lugou Bridge) भनिन्छ ।

यो पुल मिङ वंशको पालामा सन् ११८९ मा निर्माण सुरु गरेको र ११९२ मा सिध्याइएको थियो । यो पुलको लम्बाइ २६६.५ मिटर लामो, ७.५ मिटर चौडा र पुलको दायाँबायाँको किनाराका बारहरूमा स-साना ४९८ वटा ढुङ्गाका थामहरू छन् । ती सबै थामहरूमा सिंहका स-साना मूर्तिहरू कुँदिएका छन् । एउटै थाम वा एउटै सिंहमा पनि सानाठुला धेरै सिंह वा डमरुहरू कुँदेका छन् । ती सबै कुँदिएका सिंहहरू फरकफरक मुद्रा, आकार र शैलीमा छन् । कुनैमा रिसाएको सिंह, कुनैमा दायाँ वा बायाँ फर्केको, कुनैमा लड्डु समातेको, कुनैमा डमरु बोकेको, कुनैका काखमा डमरु पल्टेको, कुनैका सिंहको पञ्जाको तल डमरु आदि फरक मुद्रा र आकार-प्रकारका सिंहहरू कुँदिएका छन् । सायद मार्को पोलोले यस पुलबारे धेरै राम्रो बयान गरेको हुँदा यस पुलको नाम नै युरोपेलीहरूले मार्को पोलो पुल राखेको हुनुपर्दछ । हुन त यस पुललाई सिंह पुल भनेमा फरक पर्दैन ।

सन् १९८६-१९८७ मा यस पुलको मर्मत गरिएको थियो । पहिला खिइएका ठुलठुला ढुङ्गाका ठाउँ-ठाउँमा प्रदर्शन गर्नको निम्ति छापिएको छ भने नयाँ ढुङ्गाहरू छापेर दर्शकहरू आवतजावत गर्न सजिलो पारिएको छ । अहिले यस पुलबाट यातायातका साधनलाई रोकेको मात्रै होइन टिकट वा पास नलिई जान पनि दिँदैन । यसरी यस ऐतिहासिक स्तम्भलाई चिनियाँ सरकारले सुरक्षित राखेको छ ।

**देशको अपमान बिर्सनुहुँदैन**

यसपालि मलाई त्यस पुलको कार्यक्रममा लैजानुको अर्थ पुलको निर्माणको कलात्मकता वा शैली देखाउन होइन, बरु जापानी साम्राज्यवादमाथिको विजयको ५० सौँ वर्षको उत्सवमा पुलको नजिकै बनेको जापानविरोधी लडाइँको प्रदर्शन गृहमा अध्ययन गर्नु र गराउनु थियो । ७ जुलाई, १९३७ को दिन पेचिङमा यहीँ लुकोउ पुलबाटै जापानी साम्राज्यवादी आक्रमक सेनाले आक्रमण गरेको घटना प्रासङ्गिक छ ।

त्यस सङ्ग्रहालयभित्र हाम्रो कार पस्नासाथै मेरो आँखा ठुलठुला अक्षरमा गयो । निर्देशिकाले अनुवाद गरिन्, "देशमाथिको अपमानलाई बिर्सनु हुन्न ।" पहिलो कोठामै सिपाहीहरूको पल्टनको एक धातुको चित्र कुँदिएको छ । अर्को कोठामा जापानले १८ सेप्टेम्बर १९३१ मा उत्तरी-पूर्वी चीनको तीन प्रान्तमाथि हमला गरी १९३३ मा मञ्चुको भन्ने मञ्चुरीयामा जापानी कठपुतली सरकार बनायो । ३१ मई १९३३ को दिन चीनको कोमिङताङ (राष्ट्रवादी) पार्टीले ताङ सम्झौता (Tanggu Agreement) गरेर जापानसँग आत्मसमर्पणवादी नीति लियो । जापानले फेरि १९३५ मा चीनको अन्य क्षेत्रमा आक्रमण सुरु गऱ्यो ।

जापानी साम्राज्यवादी हमला र कोमिङताङ पार्टीको च्याङकाई शेकको सरकारको आत्मसमर्पणवादी नीतिको विरोधमा १ अगस्ट, १९३५ को दिन चिनियाँ कम्युनिस्ट पार्टीले एक घोषणापत्र प्रकाशित गरेर देश बचाउने नारा अघि सार्‍यो । कोठाहरूमा त्यसबेलाका वक्तव्य, घटना र पत्रपत्रिकाहरूका समाचारहरूलाई ठुलठुलो अक्षरमा भित्तामा टाँसेर पढ्न सजिलो बनाई प्रदर्शित गरिएको थियो । त्यस्तै, त्यसबेलाका सम्बन्धित तस्बिरहरू, नेता र सिपाहीहरूले प्रयोग गरिएका हातहतियार र पोशाकहरू पनि प्रदर्शित थिए । त्यस लडाइँमा ३० लाखभन्दा बढी मानिस मारिएका थिए । प्रदर्शनीमा त्यसबेलाका धेरै पत्रपत्रिका एवं पुस्तकहरूसमेत प्रदर्शित थिए । 'शत्रुको विरोध', 'युद्धको विरोध', 'दुश्मनविरोधी नाटक', 'दुश्मनविरोधी अग्रदूत' जस्ता पत्रिका र पुस्तकहरू प्रदर्शित थिए । त्यस्तै 'चीनको आवाज' (Voice of China), 'युद्धविरोधी सञ्चार', 'युद्धको विरोध र संस्कृति', 'युद्धको विरोध र विज्ञान' जस्ता स्वदेशी र विदेशी भाषाका प्रचार सामग्रीहरू पनि सुरक्षित राखिएका थिए । त्यस्तै, १९३६ देखि १९४५ सम्मको लडाइँमा के कति मानिस मारिए, कति क्षति भयो र कुन कुन देशले के कति गुमायो भन्ने कुरा पनि त्यहाँ लेखिएको थियो । चीनको ३५ लाख मानिस मारिए र ५ खरब यान जतिको हानि नोक्सानी भएको थियो ।

दोस्रो विश्व युद्धमा ६१ वटा देशले भाग लिएका थिए र १ अरब ७० करोड जनता युद्धमा मुछिएका थिए । लडाइँमा चीनको मात्रै ४५ करोड जनता ६० लाख वर्गकिलोमिटरमा फैलिएको थियो र २ करोड २० लाख मानिस मारिएका थिए । सन् १९४१ मा जापान, जर्मनी र इटलीको १ करोड १० लाख जवान मानिस मारिए र त्यसमध्ये २० लाख चीनमा मारिए ।



मार्कोपोलो पुल

संरा अमेरिकाले लडाइँमा ३ वर्ष ९ महिना भाग लियो, सोभियत रुसले ४ वर्ष २ महिना, बेलायतले ६ वर्ष र चीनले ८ वर्ष । दोस्रो विश्वयुद्धमा ९ करोड मानिस मारिएका थिए । त्यसमध्ये संरा अमेरिकाको १० लाख, बेलायतको १२ लाख, सोभियत सङ्घको ३ करोड र चीनको ३ करोड ५० लाख मानिसहरू मारिएका थिए । युद्धमा मुछिएका अन्य देशहरूका पनि लाखौँ लाख मानिसहरू मारिएका थिए ।

त्यस्तै, कोमिङताङ र कम्युनिस्ट पार्टीका संयुक्त मोर्चाका वक्तव्य, फोटोहरू र अन्य दस्ताबेज, जापानले कसरी माफी माग्यो, 'चीनको विजय र जापानको हार', 'सफलता' साप्ताहिक जस्ता पुस्तक र पत्रपत्रिकाहरूसमेत प्रदर्शित थिए । कसरी निर्दोष मानिसहरूलाई जापानी सेनाले तरवारले मार्थ्यो, कसरी गुरिल्लाहरूले बम बिछ्याएका थिए भन्ने झाँकी र नमुनाहरू प्रदर्शित थिए । अन्तमा, अध्यक्ष माओ त्सेतुङकै बेलामा जापानी नेताहरूले पश्चाताप गरेको र चीन-जापान सम्बन्ध सुधारका फोटोहरू अति आकर्षित ढङ्गले प्रदर्शित थिए ।

जापानी साम्राज्यवादको अत्याचारबारे जापानी जनतालाई सरकारले थाहा दिएको रहेनछ । त्यसपालि हजारौँ हजार जापानीहरू चीन भ्रमणमा आउँदा त्यस सङ्ग्रहालय हेरी जापानी सरकारले जनतालाई सुसूचित हुने अधिकारबाट वञ्चित गरेको धेरै जापानीहरूले बताएको कुरा हामीले त्यहाँ थाहा पायौँ । 'मार्को पोलो' पुल गएँ र हेरेँ । ११ बजिसकेको थियो, त्यस दर्शनीय ठाउँको भीडलाई चिर्दै हामी 'पूर्ण चन्द्र खाने पसल' मा दिवाभोजको निम्ति हिँड्यौँ ।

यसपालि चिनियाँ पार्टीले चीनको विभिन्न प्रान्तको विभिन्न खाने पसल (रेस्टुराँ) हरूमा कार्यक्रम राखेर चीनको सांस्कृतिक विविधतासँग परिचित हुने बन्दोबस्त गरिएको थियो ।

२ बजे हामी वानसुलु अतिथि सदनमा पुग्यौँ । ४:३० बजे बैङ्कक्को निम्ति अतिथि सदनलाई छोड्यौँ । ५:३० मा पेचिङ हवाई अड्डा पुग्यौँ । एक घण्टा उडान ढिलो भएको सूचना दियो । ६:४५ मा चिनियाँ साथीहरूलाई बिदा दियौँ । ८:१० बजे TG ३१३ को विमानले पेचिङको धर्ती छोड्यो र १२:१५ मा थाइ देशको भूमि छोयो ।

१ बजेसम्म अनेक सोधपुछ, तल-माथि गर्दै २ बजे राति बैङ्कक्को एसिया होटेल पुऱ्याइयो । पेचिङमै १ टिकटसँगै बस्ने बन्दोबस्तको नवीकरण गर्नुपर्ने गर्न बिर्सेर अलि समय लियो । तर थाई हवाई अड्डामा काम गर्ने महिला सुपर सुप्रिटेन्डेन्टले मिलाइदिइन् । एसिया होटेलमा बुद्धधर्मबारे एक अङ्ग्रेजी पुस्तक थाई राजपरिवारका एक सदस्यको जन्म दिवसमा प्रकाशित गरिएको रहेछ । २-४ पाना हेरेँ । पुस्तक हेर्न लायकको रहेछ । त्यस्तै अङ्ग्रेजी र थाई भाषामा बाइबल पनि राखिएको थियो । २-४ पेज हेरेँ र आराम गरेँ । ३ बजिसकेको थियो । ६ बजे घण्टी बज्यो र उठेँ । ७:३० बजे बैङ्कक हवाई अड्डाका निम्ति मोटरमा बसेँ । ८:३० बजे हवाई अड्डा पुग्यो र TG ३११ विमानले १०:४५ मा बैङ्कक छोड्यो र १२ भदौ २०५२ सोमबार (28 August 1995) को दिउँसो २ बजे त्रिभुवन हवाई मैदान छोयो ।

**समाप्त**

# युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९-एक चर्चा

✍ **हरिराम सुवाल, संयोजक, विधायन समिति, भनपा**

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,९१,१६,४७८ रहेको छ । नेपालको अर्थतन्त्रमा कृषि र रेमिटेन्सको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालको जीडीपीमा कृषि क्षेत्रको योगदान ३१.७ प्रतिशत र रेमिटेन्सको ९.१ प्रतिशत रहेको छ । कृषि क्षेत्रले कुल रोजगारको ६५ प्रतिशत ओगटेको छ भने करिब ८० लाख युवाहरू विदेशमा रहेको अनुमान छ । सोही जनगणनाअनुसार नेपालको जनसङ्ख्या वृद्धि दर ०.९२ प्रतिशत रहेको छ । नेपालमा रहेका ७५३ पालिकाहरूमध्ये भक्तपुर नगरपालिका पनि एक हो । भक्तपुर नगरपालिका देशको सानो नगरपालिका हो । यसको क्षेत्रफल ६.८८ वर्ग किलोमिटर मात्र छ । यसको जनसङ्ख्या ७८,८५४ छ भने परिवार सङ्ख्या १८,८५४ र घर सङ्ख्या १२,२०० रहेको छ । भक्तपुर नगरका मानिसहरूको मुख्य पेसा कृषि नै हो भन्ने पर्यटन उद्योग दोस्रोमा पर्दछ । घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय र हस्तकलाका सामग्रीहरू यहाँको आम्दानीका मुख्य स्रोतहरू हुन् । भक्तपुर नगरमा केही हेक्टर जमीनमात्र कृषि उत्पादनको लागि प्रयोग हुन्छ । यहाँको मुख्य उत्पादन धान, गहुँ, मकै, हरियो सागसब्जी र गेडागुडीहरू हुन् । कुखुरापालन व्यवसाय यो नगर आत्मनिर्भर छ । यस नगरमा एक औद्योगिक क्षेत्र छ । जहाँ कपडा, डेरी, काष्ठकला, रङ्ग, सेरामिक्स, बुनाइ, नेपाली कागज र धातुका सामग्रीहरूका उद्योगहरू सञ्चालित छन् । धान, चिउरा, काष्ठकला उद्योग, फर्निचर उद्योग, सिलाइ र बुनाइ, पौवा र थाङ्का लेखन, गलैँचा, धातुको सामग्री, माटोको भाँडाकुँडा आदि यस सहरका अन्य औद्योगिक उत्पादनहरू हुन् ।

नेपाल मजदुर किसान पार्टी केन्द्रीय निर्वाचन परिचालन समितिले प्रकाशित गरेको स्थानीय तहको निर्वाचन घोषणापत्र २०७९ मा 'प्राविधिक मजदुरहरूलाई आवश्यक तालिमपछि साइकल, मोटरसाइकल, मोटर, मोबाइल, कम्प्युटर, टीभी, रेडियो, फ्रीज, हिटर, विद्युत् जडान, पाइप र किचेतको मर्मत गर्ने, खाना तताउने माइक्रोओभन, लुगा धुने वासिङ मेसिन आदिको मर्मत तालिम दिएर पानी तान्ने मेसिनसमेतको ज्यासल बनाई युवाहरूलाई रोजगारको व्यवस्था गर्न स्थानीय तहले तदारूकता देखाउन आवश्यक छ । सम्भावना भएका गाउँ र नगरपालिकाहरूलाई स-साना जलविद्युत् परियोजना सञ्चालन गर्न उत्साहित गर्नु आवश्यक छ । यस कार्यले जनताको ठुलो सेवा हुनेछ । वर्षको एक खर्बभन्दा बढी रुपियाँको खाद्यान्न, तरकारी र फलफुलको निम्ति विदेशी मुद्रा खर्च भइरहेकोलाई घटाउन पालिका एवम् सहकारी संस्थामार्फत तरकारी खेती, माछापालन, पशुपालन, कुखुरापालनसहित कृषि उत्पादनमा प्राथमिकता दिन नगरपालिकाहरूले कृषि शिक्षाको कक्षा सञ्चालन र तालिम प्रदान गर्नु आवश्यक छ । साथै कृषि अर्थतन्त्रमा आत्मनिर्भर बनाउन पालिकाका जनतालाई शिक्षित गर्ने, घर घरबाटै इँटा ढुङ्गा, सीसा, प्लास्टिक, काँच, फलामका काँटी किलाजस्ता सामान अलग गराई पुनः प्रयोगमा पठाउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन उत्साहित गर्नेलगायतका योजनामा गम्भीरता देखाउनु आवश्यक देखिन्छ' उल्लेख छ । नेपाल मजदुर किसान पार्टी स्थानीय तह निर्वाचन, भक्तपुर नगरपालिकाको घोषणापत्र २०७९ को बुँदा नं. ९ मा "युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशील ऋणको व्यवस्था गर्ने र युवाहरूलाई फ्रिज, वासिङ मेसिन, माइक्रोओभन, पानी तान्ने पम्पलगायत घरेलु सामग्री मर्मत तालिम दिने" उल्लेख छ ।

नेपालको संविधानले स्थानीय तहलाई धेरै अधिकारहरू दिएको देखिन्छ । नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूले भक्तपुर नगरपालिकामा शतप्रतिशत जितेको सर्वविदितै छ । पार्टीका जनप्रतिनिधिहरू घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरूलाई पूरा गर्न क्रियाशील छन् । नेमकिपा र नेमकिपाका उम्मेदवारहरूले भक्तपुरलाई पुरानै ढाँचा कायम राखी शिक्षा र स्वास्थ्य सुलभरूपमा दिनुका साथै युवाहरूलाई उद्यमशीलता ऋण दिई रोजगार दिनको लागि प्रयासरत छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय निकायलाई संविधानले तोकिएका क्षेत्राधिकारभित्रका विषयमा कानुन बनाई कार्यान्वयन गर्ने अधिकार रहेको छ । यही अधिकारलाई प्रयोग गर्दै भक्तपुर नगरपालिकाले धेरै विषयमा कानुन बनाई कार्यान्वयन गर्दै आएको छ । गत २०७९ पुस महिनामा बसेको भक्तपुर नगरपालिकाको तेऱ्हौँ नगर सभाले भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ पारित गरेको छ । नगरभित्रका युवाहरूको लागि रोजगारीको सृजना गर्नको लागि युवा उद्यमशीलताको ऋण दिई विदेशमा जान नपर्ने परिस्थिति नगरपालिकाले तयार गर्न खोजेको छ । यस कार्यविधिको प्रस्तावनामा उल्लेख गरिएको छ, "भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने १६ वर्षदेखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिकरूपले कमजोर (गरिब) तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन धितो जमानी वा धन जमानीमा सहुलियतपूर्ण ब्याज दरमा ऋण उपलब्ध गराई युवाहरूलाई स्वदेशमै व्यापार व्यवसाय गरी रोजगारी सृजना गर्न र उद्यमशीलता प्रवर्द्धन गर्न वाञ्छित भएको हुँदा भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ बनाई लागू गरिएको छ ।" प्रस्तावनाका अनुसार स्वदेशमै रोजगारी दिनको लागि युवाहरूलाई ऋण दिने स्पष्ट कुरा उल्लेख छ । जुन एकदमै सराहनीय काम हो ।

यस कार्यविधिको दफा २ ले युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार उद्यमशील युवाहरूलाई ऋण उपलब्ध गराउन नगरपालिकाले वार्षिक बजेट व्यवस्थासहित युवा उद्यमशीलता ऋण कोषको स्थापना गर्नेछ । उक्त कोषको व्यवस्थापन र सञ्चालन नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ । यस कार्यविधिबमोजिम दिइने ऋण माग गर्दा धितो जमानी वा धन जमानीमा ऋण माग गर्न सकिनेछ ।

यस कार्यविधिको दफा ३ ले युवा उद्यमशीलता प्रवर्द्धन ऋणको सीमा र सर्तहरूको व्यवस्था गरेको छ । जसअनुसार सुरक्षणबिना ऋण माग गरेको अवस्थामा बढीमा रु. १,००,०००|- (एक लाख रुपैयाँ) सम्म, ऋण मागकर्ताले दुई जनासम्म आफ्नो नातेदार धन जमानी राखी ऋण माग गरेमा बढीमा रु. ३,००,०००|- (तीन लाख रुपैयाँ) सम्म, ऋण मागकर्ताले आफ्नो वा आफ्ना नातेदारहरूको सम्पत्ति धितो जमानी राखी ऋण माग गरेमा बढीमा रु. ५,००,०००|- (पाँच लाख रुपैयाँ) सम्म ऋण दिने व्यवस्था छ । लिइएको ऋणको चुक्ता अवधि ऋण लिएको मितिले ५ वर्षको हुनेछ । ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतको दरले लिइनेछ । उपलब्ध गराइने ऋण कुनै एक परिवारको एक जना सदस्यलाई मात्र उपलब्ध गराउन सकिनेछ । स्वीकृति ऋण रकम एकमुष्ट वा किस्तामा उपलब्ध गराइनेछ । उपलब्ध गराइएको ऋण निवेदकले व्यवसायको रूपमा दुरूपयोग गरेको खण्डमा वा अन्य कार्यमा प्रयोग गरिएको खण्डमा बाँकी ऋण वा उपलब्ध गराउनुपर्ने ऋण रोक्का राखी कारवाही गरिनेछ । दिइने ऋण प्रत्येक आ.व. मा प्रति वडा बढीमा दस जनासम्मलाई उपलब्ध गराइनेछ । लिइएको ऋणमा ऋण लिएको मितिदेखि ब्याज गणना गरिनेछ र किस्ताबन्दीमा ऋण चुक्ता गर्दा घटे, घटाएको सावाँपछि बाँकी सावाँको मात्र ब्याज लाग्नेछ । युवा उद्यमशीलता प्रवर्द्धन ऋण लिन चाहने युवाले आफ्नो व्यावसायिक कार्य योजनामा उल्लेखित व्यवसाय यस न.पा.को सम्बन्धित वडामा दर्ता गर्नुपर्नेछ । यस न.पा. क्षेत्रभन्दा बाहिर गरिने व्यवसायको लागि यस कार्यविधिबमोजिम ऋण उपलब्ध गराइने छैन ।

यस कार्यविधिको दफा ४ ले ऋण माग गर्न आवश्यक प्रक्रियाहरूको सम्बन्धमा उल्लेख छ । जसअनुसार ऋण माग गर्ने युवाले निवेदन र निवेदनमा उल्लेखित प्रक्रियासहित वडा समितिमा पेस गरी सिफारिस लिनुपर्नेछ । निवेदन पेस गर्दा व्यावसायिक कार्य योजना पेस गर्नुपर्नेछ । निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले जाँचबुझ गरी ऋणका लागि नगरपालिकासमक्ष सिफारिस गर्नेछ । सिफारिस भइआएपछि सो सिफारिससमेत संलग्न गरी नगरपालिकामा निवेदन दिनुपर्नेछ । निवेदनमा आवश्यक कारवाही र जाँचबुझ भ.न.पा. आर्थिक प्रशासन शाखाबाट गरी प्रमुखसमक्ष निर्णयार्थ पेस गर्नेछ । पेस भएपछि प्रमुखले ऋण स्वीकृत गर्नसक्नेछ । प्रमुखबाट ऋण स्वीकृत भएपछि भक्तपुर नगरपालिका आर्थिक प्रशासन शाखाबाट ऋण रकम उपलब्ध गराइनेछ ।

यस कार्यविधिको दफा ५ ले ऋणको सावाँ ब्याज असुलीमा व्यवस्था गरेको छ । जसअनुसार ऋण लिएको मितिले दुई वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्मको ब्याज, ऋण लिएको मितिले तीन वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज, ऋण लिएको मितिले चार वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज, ऋण लिएको मितिले पाँच वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज तिर्नुपर्नेछ । उपर्युक्त समयावधिभित्र ऋणको सावाँ ब्याज नतिरेमा तिर्न बुझाउनुपर्ने सावाँ ब्याजको ५ प्रतिशत हर्जना गरी र निजको ऋणमा जमानी बसेका एकापरिवारका सदस्य वा नातेदारलाई नगरपालिकाबाट प्रदान गरिने सेवाहरू वञ्चित गर्न सकिनेछ र निजहरूबाट सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

यस कार्यविधिको दफा ५ अनुसार यस कार्यविधिबमोजिम भए गरेका कार्यमा विवाद भएमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । दफा ७ अनुसार ऋण असुलीसम्बन्धी यस कार्यविधिमा उल्लेखित व्होरा यसै कार्यविधिबमोजिम गरिनेछ र ऋण असुली सम्बन्धमा प्रचलित अन्य नेपाल कानुनसमेतमा उल्लेखित प्रावधानअनुसार ऋणीहरूलाई कारवाही गर्न यस कार्यविधिले बाधा गरेको मानिने छैन ।




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राष्ट्रिय मामिला आयोगका पूर्वअध्यक्ष तथा कोरियाली जनताका प्रिय नेता किम जोङ इलको ८२ औं जन्मोत्सव मनाउन कोरियाली महिला सङ्घद्वारा प्योङयाङको महिला सभाभवनमा आयोजित विचार गोष्ठीका सहभागीहरू १५ फेब्रुअरी २०२४ का दिन । *तस्बिर : केसीएनए*

# भारतमा चुनावअघि कर विभागद्वारा विपक्षी दलको रकम रोक्का

नयाँदिल्ली, ४ फागुन (एएफपी) । भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेस पार्टीले राष्ट्रिय निर्वाचनको घोषणा हुनुभन्दा केही हप्ताअघि नै कर विभागले आफ्नो बैङ्क खाता रोक्का गरेको शुक्रबार जनाएको छ ।

काङ्ग्रेस प्रवक्ता अजय माकनले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीलाई हाम्रो दलको खाता रोक्का गरिएको जानकारी दिइएको छ ।"

माकनका अनुसार भारतको आयकर विभागले आर्थिक वर्ष २०१८/०१९ का लागि आयकर दाखिला गरेको अनुसन्धानको क्रममा दुई अर्ब १० करोड भारु (दुई करोड ५३ लाख अमेरिकी डलर बराबर) को भुक्तानी माग गरेको थियो ।

पार्टीले त्यस्तो जरिवाना रकम तिर्न कुनै कदम नचालेको भन्दै चुनावअघि नै पार्टीलाई किनारा लगाउने उद्देश्यले यस्तो कदम चालेको उहाँले दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रिय चुनावको घोषणा हुनुभन्दा दुई हप्ताअघि नै प्रमुख प्रतिपक्षी दलको खाता रोक्का गरिएको छ, के तपाईंलाई लाग्छ कि हाम्रो देशमा लोकतन्त्र जीवित छ ?"

आलोचक र अधिकारवादी समूहहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न कानून प्रवर्तन एजेन्सीहरूको प्रयोग गरेको आरोप लगाएका छन् ।

भारतीय राजनीतिमा दशकौंदेखि प्रभुत्व जमाएका काङग्रेस नेता राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानिको अभियोगमा दोषी ठहर गरिएको थियो ।

उहाँको दुई वर्षको जेल सजायले उहाँलाई उच्च अदालतले फैसला निलम्बन नगरेसम्म केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो । निलम्बनले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रजातान्त्रिक मुलुकको लोकतान्त्रिक मूल्य मान्यतामाथि प्रश्नचिन्ह खडा गरेको थियो । यद्यपि, अदालतको विपक्षी नेताको पक्षमा देखिएको फैसलापछि उक्त आरोप स्वत: निष्प्रभावी भएको थियो ।

# भ्रामक भिडियो फेसबुकमा पोस्ट गर्ने दुई ताइवानीलाई जेल सजाय

नोम पेन, ४ फागुन (एएफपी) । कम्बोडियाली समुद्री किनारको एक रिसोर्टबाट नक्कली अपहरणको योजना बनाएको र त्यसको भिडियो फेसबुकको अनलाइनमा पोस्ट गरेको आरोपमा ताइवानका दुई जनालाई दुई-दुई वर्षको जेल सजाय सुनाइएको छ ।

प्रिह सिहानोक प्रान्तीय अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "३१ वर्षीय चेन नेङ-चुआन र ३४ वर्षीय लु सु-सिएनले सिहानोकभिलको एक भवनमा सुरक्षा गार्डले आफूलाई हिरासतमा लिएको र कुटपिट गरेको भिडियो फेसबुकमा पोस्ट गरेपछि पक्राउ गरिएको हो ।"

"दुवै जना मानव बेचबिखन, यातनासहित हिरासतमा राख्ने, बलात्कार गर्ने र मानव अङ्ग बेचबिखनसम्बन्धी निन्दनीय भिडियो तयार पार्न कम्बोडिया प्रवेश गरेका देखिएको छ," अदालतले भनेको छ ।

अदालतले उनीहरूलाई 'सामाजिक सुरक्षामा खलल पुऱ्याउन उक्साएको' अभियोगमा बिहीबार एक सुनुवाइमा दोषी ठहर गरेको हो । अदालतले उनीहरूलाई जनही दुई वर्षको जेल सजाय सुनाएको छ र झण्डै दुई हजार अमेरिकी डलर जरिवाना तिर्न आदेश दिएको छ ।

प्रान्तीय सरकारले ती व्यक्तिहरूले प्रान्तको इज्जत, सुव्यवस्था र सुरक्षामा असर पार्ने गरी 'फेक कन्टेन्ट' सहितको भिडियो बनाएको बताएको छ । अधिकांश ताइवानी र अन्य देशका केहीले अनलाइनमार्फत् भ्रामक सामग्री सम्प्रेषण गरी मानिसहरूलाई प्रलोभनमा पारेर पीडितहरूलाई ठूलो रकम ठग्ने गरेका पाइएको कम्बोडियाली प्रशासनले जनाएको छ ।

ताइवानको केन्द्रीय समाचार संस्था (सीएनए) का अनुसार तीमध्ये एक व्यक्तिले सोमबार राति एक भिडियोको प्रत्यक्ष प्रशारण गरेका थिए । भिडियोमा उनलाई अदृश्य आक्रमणकारीहरूले लखेटेको र पिटेको देखिन्छ भने दोस्रो भिडियोमा उनी भागेको दाबी गरिएको देखिन्छ । सीएनएका अनुसार दोस्रो भिडियोमा उनले आफू घाइते भएको र लुटिएको, बाँधेको, पिटेको र स्टन गनले आक्रमण गरेको वर्णन गरेका छन् ।

## विश्व सङ्क्षेप

# विभिन्न देशले एक भएर आतङ्कवादको प्रतिरोध गर्नुपर्ने चीनको ठहर

पेइचिङ, ४ फागुन (सीआरआई) । स्थानीय समयअनुसार फेब्रुअरी १५ का दिन संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदले आतङ्कवाद र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरती सम्बन्धी खुला बैठकको आयोजना गरेको छ । सो बैठकमा चिनियाँ प्रतिनिधिले विभिन्न देशले ऐक्यबद्धताका साथ पूर्णरूपमा आतङ्कवादको प्रतिरोध गर्दै जानुपर्ने आवश्यकता भएको धारणा व्यक्त गर्नुभएको छ ।

सो बैठकमा आतङ्कवादविरोधी संयुक्त राष्ट्रसङ्घीय कार्यालयका उपमहासचिव भ्लादिमिर भोरोनकोभले चरमपन्थी समूहले विगत केही वर्षदेखियता द्वन्द्वमा रहेका संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूको लागि सुरक्षा खतरा कायमै रहेको औंल्याउनुभयो । उहाँले उग्रवादी समूह र आतङ्कवादसँग जुध्नका लागि बहुआयामिक कदमहरू अपनाउनुपर्ने सबै पक्षसँग अनुरोध पनि गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि चाङ च्युनले जोड दिँदै भन्नुभयो: आतङ्कवादको मूल श्रोतलाई निर्मूल पार्न व्यापक कदमहरू चाल्नुपर्छ ।

भविष्यमा चीनले विश्वव्यापी सुरक्षा पहलको पूर्ण रूपमा कार्यान्वयन गर्दै सबै प्रकारका आतङ्कवादलाई प्रहार गर्ने र संयुक्त रूपमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको संरक्षण गर्ने पनि चाङ च्युनले बताउनुभयो ।

# दिल्लीको आगलागीमा मृत्यु हुनेको सङ्ख्या ११ पुग्यो

नयाँदिल्ली, ४ फागुन (सिन्ह्वा) । दिल्लीमा बिहीबार भएको आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको स्थानीय अग्निनियन्त्रण विभागका अधिकारीले शुक्रबार बताउन भएको छ । अधिकारीका अनुसार आगलागीका कारण शवहरू पहिचान गर्न नसक्ने गरी जलेकाले मृतकको पहिचान हुन सकेको छैन । आगलागीका सबै पीडितहरू कारखानाका मजदुरहरू थिए ।

दुर्घटनामा दिल्लीका एक प्रहरी र दुई महिलासहित चार जना घाइते भएका छन् । घाइते सबै जनालाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ । आगलागी उत्तरपश्चिम दिल्लीको आवासीय क्षेत्रको छेउमा अवस्थित रङ ( पेन्ट) उत्पादन गर्ने कारखानामा भएको हो । आगलागीका कारण वरपरका घरहरू प्रभावित भएका छन् भने अग्निनियन्त्रण विभागका कर्मचारीहरूको निरन्तरको सहयोगमा कम्तीमा चार घण्टापछि शुक्रबार बिहानसम्ममा आगो नियन्त्रणमा आएको थियो ।

नजिकैका घरहरू तथा पसलहरूमा आगो लागेपछि ठूलो विस्फोटको आवाज सुनिएको तर आगलागीको कारण अहिलेसम्म थाहा हुन नसकेको स्थानीयहरूले बताएका छन् ।

# गाजामा तत्काल मानवीय युद्धविराम गर्न आह्वान

क्यानबेरा, ४ फागुन (सिन्ह्वा) । मानवीय युद्धविराम गर्नको लागि संयुक्त आह्वान गरेका छन् । बिहीबार तीन देशका प्रधानमन्त्रीले संयुक्त विज्ञप्तिमार्फत् दक्षिणी गाजा पट्टीको प्यालेस्टिनी सहर रफाहमा इजरायलले भूमि आक्रमण गर्ने योजना बनाएको विषयमा गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

उनीहरूले करिब १.५ मिलियन प्यालेस्टिनीहरूले शरण लिइरहेको राफाह क्षेत्रमा सैन्य कारबाही विनाशकारी हुने जनाएका छन् । गाजाको मानवीय अवस्था अहिले पनि भयावह भएकाले झनै सैन्य कारबाहीबाट प्यालेस्टिनी नागरिकहरूमा विनाशकारी प्रभाव पर्ने उनीहरूको भनाइ छ ।

इजरायली सरकारलाई यस्तो मार्गमा अगाडी नबढ्न आग्रह गर्दै उनीहरूले त्यहाँका नागरिकहरूको लागि सुरक्षित जीवन यापनका लागि अन्त कतै जाने ठाउँ नभएको उल्लेख गरेका छन् ।

मानवीय युद्धविरामको तत्काल आवश्यकता औंल्याउदै उनीहरूले इजरायली र प्यालेस्टिनीहरूका लागि स्थायी शान्ति सुनिश्चित गर्ने बाटो खोज्न दिगो युद्धविराम गर्न आग्रह गरे ।

***गाजाको...***

प्यालेस्टिनीहरू जस्तै अरबहरू नसुल्झेका प्रश्नहरू, अरू कसैद्वारा लेखिएको कथामा धम्कीहरू देखा पर्दछन् । ९/११ पछि हामीमध्ये धेरैलाई पत्ता लाग्यो, ट्र्याक डाउन भयो । हामीलाई भनिएको थियो कि हामीले हाम्रा गुफाहरूबाट धूमपान गर्नुपर्छ । हामीमध्ये एक लाखभन्दा बढीलाई एक शक्तिशाली बदला पूरा गर्नको लागि मारिएको थियो जब संसारले हेरिरहेको थियो ।

बदला लिने 'आतङ्कविरुद्धको युद्ध' ले हामीमध्ये सबैभन्दा खराबलाई बाहिर ल्यायो, तर यसले हामीमध्ये सबैभन्दा राम्रोलाई बेवास्ता गरियो । 'आधुनिक पश्चिम' सँगको टकरावमात्र निम्त्याएर सम्पूर्ण सभ्यता, समृद्ध इतिहास र प्रचुर मात्रामा जीवनको अनुभवलाई क्रूरतापूर्ण प्रश्नचिह्नमा सीमित गरियो ।

आफ्नो अस्तित्वको सुन्दर घनत्व जीवित रहनको लागि आधारभूत चाहनामा सङ्कुचित भएको संसारमा प्यालेस्टिनले पनि त्यस्तै नियति भोगेको छ । शब्दहरू बम हुन् र बम शब्दहरू हुन् । हामी अब फरक भन्न सक्दैनौं ।

हामी अरू कसैको डर र असुरक्षाको मानसिक तरङ्गद्वारा निर्देशित जीवन जिउन थाकेका छौं । हामी निरन्तर प्रश्नहरू खडा गर्न सक्दैनौं । किन बम खसाल्नेहरू सधैं प्रश्न सोध्नेहरू हुन् ?

पृथ्वीको दु:खका च्याम्पियन फ्रान्ज फानोनले भने, "म यस संसारमा चीजहरूको अर्थ खोज्ने इच्छाले भरिएको, मेरो आत्मा संसारको स्रोतमा पुग्ने इच्छाले भरिएको थियो र त्यसपछि मैले फेला पारेँ कि म अन्य वस्तुहरूको बिचमा एक वस्तु थिएँ ।" फ्याननको ब्ल्याकनेस जातिवादी श्वेत संसारमा एक अछुत वस्तु थियो ।

प्यालेस्टिन अरबविरोधी संसारमा एक अछुत वस्तु हो ।

गाजामा एक बच्चाको जीवन भग्नावशेषमुनि वा प्रत्येक १० मिनेटमा बिचलित आमाको हातमा समाप्त हुन्छ भन्ने थाहा पाएर पनि युद्धको लागि हर्षोल्लास गर्नेहरूलाई हामी कसरी व्याख्या गर्नसक्छौं ? यदि बमले क्रोधलाई शान्त पार्छ भने, म आशा गर्छु कि विलाप गर्ने आमाका दृश्यहरू यसको लायक छन् ।

कसै-कसैले प्यालेस्टिनीहरू के चाहन्छन् भनेर सोध्छन् । अरबहरू के चाहन्छन् ? मुस्लिम के चाहन्छन् ? हामी शाही योजनाहरू र हामीले के लगाउने र कसरी बाँच्ने भन्ने नैतिकतापूर्ण आदेशहरूबाट टाढा रहन चाहन्छौं । यसलाई एकपटक प्रयास गर्नुहोस् : मध्यपूर्वलाई एक्लै बाँच्न छोड्नुहोस् ।

अरब र प्यालेस्टिनीहरूले दशकौंदेखि यस्तो महसुस गरेका छन् र अनुभव गरेका छन् । यदि अरूले यस्तो साधारण प्रश्न सोध्ने ख्याल राख्छन् भने हामी सबैलाई "कस्तो छौ ?" भनी सम्बोधन गर्ने मानवीय तरिका बिर्सेका छौं ।

यसको सट्टा, आधिकारिक भाषा कुप, बम, ड्रोन, धनजनको क्षति, बेतुका व्यङ्ग्यहरू, क्रूर तानाशाहहरूले हाम्रो घाँटीमा धकेले, प्रहसनात्मक शान्ति सन्धिहरू र कब्जा भएको छ । हो, यो हाम्रो पनि गल्ती हो, तर हाम्रो सबैभन्दा ठुलो गल्ती यही गरिब मुहावरेमा मात्र बोल्न स्वीकार गर्नु हो ।

तपाईंलाई लाग्न सक्छ कि म क्रोधको बारेमा लेख्दै छु, तर यी रेखाहरूले थकानको अछुतको भारी बोक्छन् । मैले धेरै वर्ष पहिले बब डिलन र बब मार्लेका गीतहरूसँग अङ्ग्रेजी सिकेँ । शब्दहरू चित्त बुझाउने खाले थिए । नयाँ भाषाको आवाजले उत्थान महसुस गर्यो - उठ, खडा हुनुहोस् ! सबै ठीक हुनेछ ।

बब मार्लेले द वेलर्स नामक ब्यान्डमा किन गाए त्यो मैले बुझिनँ । अहिले गर्छु । धेरै लामो समयदेखि, मलाई अङ्ग्रेजी एकतर्फी आह्वान र प्रतिक्रियाको बारेमा भएको छ, शब्दहरूका साथ एक अथक सोधपुछ जसलाई गोलीको खरानीजस्तै अनुभव गरिएको छ । मेरो लेखाइ बुझ्न नपाएजस्तो भयो । अङ्ग्रेजीमा बोल्दा वार्डनको चाबी हेरिरहेको कैदीजस्तो लाग्छ ।

आजकल, म टोनी मोरिसनको प्रियतम पात्र सिक्सो हुँ । जसले अङ्ग्रेजी बोल्न बन्द गर्छ किनभने उसले यसमा कुनै भविष्य देख्दैन । शिबलीको 'माइनर डिटेल' मा म नामहीन प्यालेस्टिनी कथाकार हुँ जसले हडबडी गर्छ किनभने चेकप्वाइन्टमा बोल्नु विश्वासघात गर्नु हो ।

कुरालाई अझ नराम्रो बनाउनको लागि, विश्वविद्यालयका अधिकारीहरूले हामीलाई शिक्षक र विद्यार्थीहरूलाई तटस्थ रहन, यस युद्धमा पक्ष नलिन र विचार र आलोचनाको द्वन्द्वप्रति हाम्रो प्रतिबद्धता कायम राख्न भन्छन् । यो मैले एकेडेमियामा मेरो सबै समयमा सुनेको सबैभन्दा ठुलो प्रहसन हुनसक्छ । के म तपाईंलाई सम्झाउँछु कि यी मौन चालहरू मलाई अङ्ग्रेजीमा आउँछन् ?

स्पष्ट हुनको लागि त्यहाँ अङ्ग्रेजी वा कुनै अन्य भाषामा केही छैन, जुन स्वाभाविकरूपमा कठोर वा हृदयविहीन छ । हामीमध्ये केहीले हामीलाई विरलै माया गर्ने भाषा बोल्दा महसुस गरेको असहायताको बारेमा लेख्छु ।

प्यालेस्टिन कथा हो । तपाईंले यसलाई आवाजको रूपमा सुन्न सक्नुहुन्छ, केवल जानकारीको रूपमा, तर हामी यसलाई सहनशीलताको एक स्पष्ट साक्षी, जीवनको प्रमाणको रूपमा सुन्छौं । जसरी कवि फदी जौदा भन्छन्, "म अङ्ग्रेजीमा प्यालेस्टिन बाँच्छु । तर, मेरो मनमा प्यालेस्टिन अरबी छ र अरबीमा प्यालेस्टिनले आफैंलाई व्याख्या गर्न आवश्यक छैन ।"

यी सबैको बाबजुद, एकदिन यो अङ्ग्रेजीले हाम्रो अरबी भाषाको न्यानोपन महसुस गर्नेछ भन्ने आशाको किरणमा टाँसिएको छु ।

(यस लेखमा व्यक्त गरिएका विचारहरू लेखकका आफ्नै हुन् र अल जजीराको सम्पादकीय अडानलाई प्रतिबिम्बित गर्दैन ।)

*(नबिल इच्छाइबी मिडिया अध्ययन विभागका सहयोगी प्राध्यापक र संस्थापक अध्यक्ष र कोलोराडो बोल्डर विश्वविद्यालयको सेन्टर फर मिडिया, रिलिजन एन्ड कल्चरका एसोसिएट निर्देशक र युनिभर्सिटी अफ कोलोराडो बोल्डरको सेन्टर फर मिडिया, रिलिजन एन्ड कल्चरका निर्देशक हुन् । उनको अनुसन्धान मुस्लिम दृश्यताको राजनीति र कवितामा केन्द्रित छ ।)*

***- अल जजीराबाट***
***अनुवाद : आरोही***

# ऐतिहासिक सुडाल, खावा, हलाल गाउँमा हाइकिङ जाँदा

✍ विश्वराम

विद्यालयका शिक्षकहरूको एक टोली सुडालको प्रसिद्ध ऐतिहासिक, सांस्कृतिक सम्पदा ठुली ब्रह्मायणीमा पुग्यौँ । मन्दिर सानो जङ्गलको खोँच खोल्सोमा अवस्थित छ । भक्तपुरको पूर्वी भेगमा तीन ब्रह्मायणी दिदीबहिनीहरू रहेका छन् । सबभन्दा जेठो ठुली ब्रह्मायणी त्यही भयो । माहिली ब्रह्मायणी त्यहाँबाट अलि तल सुडालमा अवस्थित छ । जेठी ब्रह्मायणीको स्थानीय जनताले वैशाखमा देवीलाई खटमा राखेर बाजागाजाका साथ जात्रा पर्व मनाइन्छ भने कान्छी ख्वप अस्पतालसँग रहेको प्रसिद्ध ब्रह्मायणीलाई मानिन्छ । यसको पनि हरेक नयाँ वर्ष वैशाखको २ र ३ गते दुईदिन सूर्यमढीदेखि दत्तात्रयदेखि इनाचोसम्म बाजागाजाका साथ धुमधामका साथ मनाइन्छ । यहाँ हरेक वर्षको विजया दशमीको दिन नवदुर्गा भवानीको दर्शन गर्न, टीका, प्रसाद गर्न काठमाडौँ उपत्यका र त्यसको वरपरका जिल्ला, ठाउँबाट आएका धर्मालम्बीहरूको घुइँचो नै लाग्छ । ठुली ब्रह्मायणी परिसरलाई स्थानीय जनताले राम्रो बनाउँदै छन् । मन्दिरको माथि मूल सडकमुनि हालै स्थानीय जनताले १० वटा शिवलिङ्ग र चतुर्मुखी महादेवको दुईतले मन्दिर बनाउँदै गरेको अवस्था छ । समाज परिवर्तन गर्ने, सबैलाई शिक्षा प्रदान गर्ने ज्ञानकी देवी सरस्वतीको एउटा मूर्ति पनि ठुली ब्रह्मायणी परिसरमा को उपयुक्त ठाउँमा स्थापना गरिदिए विद्यार्थीहरूको पनि आकर्षण र तीर्थस्थल बन्ने थियो ।

ठुली ब्रह्मायणी बिदाइ गर्दै हामी खावाको लागि हिड्यौँ । बिस्तारै उकालो हिँडेर खावा पुग्न हाम्रो टोलीलाई करिब एक डेढ घण्टा लाग्यो । ठुली ब्रह्मायणीदेखि खावाको दूरी ३ किमि रहेको छ । माथि नगरकोटको जङगल, दायाँबायाँ खेतका गरा, बाली आदिको रमाइलो दृश्य आँखामा सँगाल्दै जाँदा आनन्द र रमाइलो हुनु स्वाभाविकै भयो । पढ्न, रमाउन, आनन्दले बस्न, हिँड्न, काम गर्न, पशुपालन र खेतीपाती गर्न स्वच्छ, सफा वातावरण भएको खावातिर उकालो हिँड्यौँ । तर सबैजसो खेतीपाती सुखा, बाँझो हुँदा दुःख लाग्यो । काम गर्ने युवाहरू रोजगारीको लागि विदेश गयो होला । त्यहाँ वरपर कहीँ पनि पानीको स्रोत देखिएन । सायद आकाश पानीको भरमा खेती गर्ने भए पनि बाँझो भएको होला । ठाउँ ठाउँमा भीर, पाखा, जङ्गल फाँडेर प्लटिङ गर्दै छ । यसले पानीको स्रोत वर्षा, पशुपन्छी, खतीपाती, हावापानीलगायत सबै पक्षलाई असर पार्छ । हामी दायाँबायाँको दृश्य हेर्दै खावा पुग्यौँ । खावा भक्तपुरको सुडाल चानपा र काभ्रे बनेपा नगरपालिकाको वडा नं १ सिमलडाँडाको सिमाना पर्छ । त्यहाँ सिमानापारि सिमानासँगै सिमलडाँडामा खावा वरिपरिका भाइबहिनीहरूले पढ्ने महाकाल प्रावि छ । त्यहाँबाट उत्तरपट्टि माथि लागेमा कलमसी पुगिन्छ । त्यहाँ एउटा निमावि आधारभूत विद्यालय रहेको छ । त्यहाँबाट माथि गयो भने नगरकोट टावर पुग्न सकिन्छ । त्यहाँबाट दक्षिणतिर ओरालो लाग्यो भने नाला पुगिन्छ भने पच्छिमपट्टि पिच बाटोबाट ओरालो लाग्यो भने हलालगाउँ पुगिन्छ । खावाको दक्षिणपट्टि ८/१० फिटको रङ्गरोगन लगाएको राम्रो सिमेन्टको कृष्णको मूर्ति छ । त्यसमा रङ्ग उडेकोले अर्को लगाउनुपर्ने अवस्था देखिन्छ । त्यसमाथि बाक्लो सल्लाको रूखले भरिएको जङ्गल छ । त्यहाँ माथि जानलाई ठाडो खुड्किलो बनाइएको छ । स्थानीय मानिससँग सोध्दा त्यो माथि ऐतिहासिक गढीमा जाने खुड्किलो छ । ठाडो उकालो भएको हुँदा हामी पच्छिम हलाल गाउँतिर ओरालो लाग्यौँ ।

जाडो याम र जङ्गलको पहाडको छायाँ परेको खोच ठाउँ परेकोले तापक्रम माइनसमा झरेको जस्तो सबैले अनुभव गरे । अलि तल पुग्दा सरकारले बनाएको बेवारिसे निर्माण अपुरो भएको कङ्क्रिटको टावर छ । सायद गरिब देशले योभन्दा पनि अति आवश्यक बाटो, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल बनाउनुपर्ने पैसा त्यसमा खर्च गऱ्यो भनेर देशभरबाट विरोध भयो । त्यो रमणीय पहाड आफैँ प्राकृतिक भ्यु टावर हो । यहाँ पिकनिक स्पट पनि बनाएर चलाइसकेको रहेछ । पूर्वतिर माथि जङ्गलतिर उक्लने खुड्किलो बाटो पनि बनाइएको रहेछ । त्यो बाटो अघि खावाको स्थानीय जनताले भनेको त्यही गढीमा जाने बाटो रहेछ । सल्लाको जङ्गल बाक्लो छ । हामीसँग तल ठुली ब्रह्मायणीदेखि त्यस जङ्गलको बाटो देखाउँदै अघिपछि लागेर सुरक्षा दिँदै आएको आभास भयो । अलि अलि डरको अनुभूति भयो । सल्लाको बिरुवा रोपेर यत्रो घना वन भविष्यको पुस्ताको लागि तयार गरेर नासोको रूपमा सुम्पेर गएका देशभक्त अग्रजहरूलाई मनमनै प्रशंसा गरेँ । देशभर मिलिभगतमा पुर्खा र प्रकृतिले बनाएको वा हुर्काएको वन कपाल खौरेझैँ फाँड्ने आफ्नो स्वार्थ फाइदाको निम्ति प्रकृतिलाई घात गर्ने जनप्रतिनिधि, कर्मचारी, दलाल र व्यापारीप्रति खेद व्यक्त गरे । आफूलाई आम्दानी भयो भन्दैमा आफ्नो व्यक्तिगत स्वार्थको लागि प्रकृति, वन, खोला, नाला, बगर, पर्धेरो, धारो, पर्ती जग्गा सिध्याउँदा आज देश र जनताले विनाश र दुःख भोग्नुपरेको छ । त्यस्तो प्रकृतिघाती कामले उनीहरूलाई पुस्तौँपुस्ता सराप्नेछ । त्यो विनाशले भविष्यमा सधैँ पिरोल्नेछ ।

उकालोपछि आदिनाथ महादेवमा पुग्यौँ । जस्ताको टहरा, छाप्रोभित्र ढुङ्गाको देवतासँगै पछि स्थापित शिवलिङ्ग, त्रिशूल र डमरु थिए । त्यहाँबाट ५० मिटर जति माथि उकालो चढेपछि बल्ल हामी गढीमा पुग्यौँ । हामी पुगेको गढी नै सबभन्दा ठुलो र उच्च भागमा रहेको छ भने अरू दुइटा गढी दक्षिणपट्टि तल रहेको देखाइयो । हामी पुगेको गढी मुख्य गढी, कहीँकहीँ तायली गढी र कहीँकहीँ नाला गढी पनि भनिन्छ । गढीको बिचमा नेपालको आकर्षक राष्ट्रिय झन्डा फहराइरहेको छ । गढी वरपर खाल्डो छ । झट्ट हेर्दा रानीकोट गढीसँग मिल्दोजुल्दो देखिन्छ । त्यो भनेको शत्रुको आक्रमणबाट बच्न र शत्रुलाई सुरक्षित साथ प्रत्याक्रमण गर्न बनाएको आभास हुन्छ । त्यहाँबाट भक्तपुर, काठमाडौँ र पूर्वतिर नाला, घिमिरे गाउँ देख्न सकिन्छ । यो रणनीतिकरूपले महत्त्वपूर्ण गढी हो भन्दा फरक नपर्ला ।

देशमा विदेशी प्रभाव र दबाबले देशभक्ति भावना र विचार मारिरहेको र मरिरहेको वर्तमान अवस्थामा देशभक्ति भावना बढाउन, देशको रक्षा गर्ने प्रेरणा दिन छावा, तल निर्माणाधीन टावर वरपर, माथि गढी वरपरमध्ये कुनै उपयुक्त ठाउँमा साम्राज्यवादीहरूको लोभ र धम्कीको अगाडि एक इन्च पनि नझुकीकन देशको रक्षार्थ वीरगति प्राप्त गरेका भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरजस्ता वीर योद्धाहरूको पूर्णकदको प्रतिमा क्रमशः स्थानीय तह र जनता मिलेर स्थापना गरी वीर योद्धा पार्क बनाउन सकेमा देशकै स्वाधीनता, सार्वभौमिकता, देशको रक्षामा ठुलो मद्दत पुग्नेछ । यो रणनीतिक ठाउँ भएकोले धुलिखेलमा जस्तो नेपाली सेनाको टुकुडी राखेमा त्यस ठाउँको जङ्गल, गढी, पर्ती जग्गा सुरक्षित हुनेमा दुईमत नहोला । त्यस्तै, काठमाडौँ महानगरपालिकाले कोटेश्वरको तीनकुने, सैनिक मञ्चपछाडिको सहिद मञ्चमा यस्ता वीर योद्धाहरूको पूर्णकदको प्रतिमा स्थापना गरेर रत्नपार्कजस्तै वीर योद्धा पार्क, सहिद पार्क, बनाउन सकेको खण्डमा देशकै रक्षा र प्रजातन्त्रमा टेवा पुग्नेछ । त्यस्तै, अन्य पालिकाले पनि यसको अनुसरणमा गरेमा नेपाली जनतामा देशभक्ति भावना बढ्नेमा अन्यथा नहोला । नेपाल नै नरहे हामी नेपाली कसरी रहन्छौँ ? नेपाल नै नरहे हामी कोही नेपाली रहँदैनौँ ।

गढीमुनिको मूलबाटोबाट तल हलाल गाउँको चट्टान अभिलेख पुग्दा हामीलाई करिब आधा घण्टा लाग्यो । हामीले चट्टान अभिलेख अभिरुचिपूर्वक नियाल्यौँ । ठुलो ढुङ्गाको वरिपरि नेपालभाषाका साल र अक्षरहरू, साँढे जुधेको, घोडा, बाघ, हात्तीलगायतका चित्र तथा आकृति देखिन्छ । निश्चय पनि पुर्खाले बनाएका अभिलेख, लिपि, भाषा, चित्र, आकृतिमा कला, संस्कृति, सभ्यता, इतिहास र देश लुकेको हुन्छ । यसले त्यसबेलाका राजा, पुर्खाहरू, भाषा, साहित्य, कला, चित्र, विज्ञान, राजनीति, कूटनीति आदिमा उनीहरूको ज्ञान, सीप, राजनीतिक अवस्था कस्तो छ भन्ने कुरा देखाउँछ । यो चट्टान अभिलेख र माथि गढीबिचमा सम्बन्ध होला नै । यहाँबाट मल्ल राजाहरूले भक्तपुरमा ढुङ्गाका मूर्ति, मन्दिरहरू बनाउन ढुङ्गा लगेको पनि हामी सुन्छौँ । यस विषयमा प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले पहिले भक्तपुर नपाबाट प्रकाशित भक्तपुर मासिकमा अनुसन्धान गरी विस्तृतरूपमा पस्किसकेका छन् । त्यसको ५० मिटर जति तल गएपछि गोरेटो बाटो छेउमा खेतको डिलमा अर्को सानो त्यस्तै चट्टान अभिलेख रहेको देखिन्छ । यो दुवैलाई स्थानीय तह वा मानिसले घामपानीबाट बचाउन माथि जस्ताको छाना हालेर अलिकति भए पनि संरक्षण गरेको प्रयास प्रशंसनीय छ ।

त्यहाँबाट उत्तरपट्टि अलि तल खोल्सोमा अर्को चट्टान अभिलेख देखिन्छ । ती अभिलेखहरूमा विभिन्न तिथि, मिति र नेपाल लिपिका अक्षरहरू, भाषा, शिलामा खोपेर लेखेको पाइन्छ । स्थानीय कृषक पवन थापाले यसको महत्त्व र किंवदन्ती सुनाए, यो ठाउँ वासुकी नाग बसोबास रहेको ठाउँ मानिन्छ । यो नागले स्थानीय गाउँलेलाई छोराछोरीको व्रतबन्ध, विवाह आदि भोजको प्रबन्ध गर्न त्यहाँ माग्दा भाँडाकुँडा सबै दिन्थे । त्यसलाई उपयोग गरेर गाउँलेले स्थानीय जनता, नाता कुटुम्बलाई भोज खुवाउँथे । भोज सकेपछि भोज खुवाउने गाउँलेले भाँडाकुँडा राम्रोसँग पखालेर सफा र चोखो पारेर ती नागलाई फर्काउने, बुझाउने गर्थे । यसरी गाउँलेले भोज खुवाउने चलन चल्दै आएको थियो । एक दिन कुनै बेइमान स्वार्थी, अधर्मी गाउँलेले यस्तै भोज ती नागसँग भाँडाकुँडा मागेर खुवाए । तर, भोज सकाएर उनले फर्काएको भाँडाकुँडामा जुठो बाँकी रह्यो । त्यो भाँडाकुँडा पछि लोप भयो । त्यसबेलादेखि गाउँलेले यस्तै भोज खुवाउन भाँडाकुँडा माग्न जाँदा वासुकी नागले दिएन । हालसम्म त्यहाँको एउटा पनि रुख काट्न नहुने, कसैले काटेमा त्यही कुहिएर भस्म हुने जनविश्वास छ । त्यस गाउँका किसानहरूले रोपाइँ गर्नलाई पहिला त्यस वासुकी नागलाई पूजा गर्नुपर्ने, धानलगायत कृषि उत्पादन घर लानअघि त्यसलाई चढाउनुपर्छ । त्यो पूजा, कृषि उत्पादन चढाउने काम बिहीबार र सोमबार मात्र गरिन्छ ।

माथि बाटो छेउको मुख्य ठुलो चट्टान अभिलेखलाई सुरक्षित र व्यवस्थित गर्न त्यसको वरिपरि घुम्न र अवलोकन गर्न सकिने गरी संरचना बनाउन, खुड्किलाहरू स्थानीय पालिका र जनता मिलेर बनाउन आवश्यक देखिन्छ । साथै दोबाटो ठाउँ ठाउँमा माथि गढी र चट्टान अभिलेखको जाने सूचक साइनबोर्डहरू राख्नु आवश्यक देखिन्छ । मुख्य चट्टान अभिलेखको अलि तल ऐतिहासिक सांस्कृतिक पोखरीको अवशेष हेर्न पाइन्छ । त्यहाँ शिवलिङ्ग गणेशलगायतका देवताका मूर्तिहरू रहेको देखिन्छ । पोखरी भने सुख्खा छ । चाँगुनारायण नगरपालिका वडा नं ९ नालाछापमा अवस्थित त्यस पोखरीमा साँखुमा माधवनारायण स्वस्थानी व्रतमा बस्ने व्रतालुहरू पनौती इन्द्रेश्वर र त्रिवेणी घाटमा स्नान गर्न जाने क्रममा यहाँ बास बसेर पूजापाठ र स्नान गर्दै जाने गर्दछ । यहाँ पुजारी पाटी पनि भएको तर अहिले देखिँदैन । यस ऐतिहासिक, सांस्कृतिक पोखरीलाई पनि स्थानीय पालिका र जनताले पुरानै रूपको कलात्मक पोखरी बनाई पानी भर्न सकेको खण्डमा यो धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक पदयात्री पर्यटकको लागि आकर्षणको केन्द्र बन्ने देखिन्छ । त्यसपछि हामी शिक्षक टोली खाजा खाएर तायली पुलबाट गाडीमा बसेर घर फर्क्यौँ । यो ठाउँ सबै शिक्षक, विद्यार्थीहरू गएर अवलोकन गर्नुपर्ने रमाइलो, मनमोहन, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक ठाउँको रूपमा रहेको देखिन्छ ।

## सुगम

✍ साहिला

माघको चिसो सिरेटोमा
पारिलो घाम खोज्दै
मध्यदिन २२ गते सोमबार
एउटा सुगन्धित फूल फुल्यो
मातृत्वको पीडा बिर्साइ ।
प्रफुल्ल, चञ्चल यो मनमा
भोलिको भरोसा सम्झी
आशाको दियो बल्यो
आफूलाई भन्दा हामीलाई
सम्झेर अघि बढ्ने
ठुलो विश्वास जाग्यो ।
यो मानव समाजमा
पाइला टेक्नुअघि
मातृत्वको पीडासँगै
जे जति सङ्घर्ष गऱ्यौ
त्योभन्दा सयौँ गुणा बढी
अथक सङ्घर्ष तिमीले गर्नु छ
यो मातृभूमिको लागि ।
हिमाल, पहाड, तराईको
विविधतामा
समय, परिस्थितिसँगै
दृढ अठोटका साथ ।

तिमी लाग्नुपर्छ
यो मातृभूमिको उन्नतिको निम्ति ।
जीवन सङ्घर्षमय छ
सङ्घर्ष नै जीवन, जीवन नै सङ्घर्ष हो ।
यसलाई आत्मसात् गर्दै
मातृभूमिको कुना-कन्दरा,
पिल्सिएका दुर्गम ठाउँमा
सुगम ! तिमी पुग्नैपर्छ
मानवताको बिउ रोप्नैपर्छ
चोखो मनले
तिमीलाई पुकारेँ मैले
सुगम ! सुगम !

कविता

## कोही कसैसँग प्रसन्न छैन

✍ लक्ष्मी खाताखो

यहाँ,
कोही पनि कसैसँग खुसी छैन
कहीं न कतै दुःख लुकिरहेको हुन्छ
कसैलाई खान लाउनको दुःख होला

कसैलाई ऐश्वर्य, आराम नपाएर होला
कसैलाई एक्छाक टार्न नसकेर होला
कसैलाई स्नेह कमी महसुस भएर होला
सबको छुट्टाछुट्टै पीडा र रोदन छ
यहाँ
त्यसैले त महोदय,
समयसापेक्ष आफैँसँग खुसी हुने प्रयत्न गर्नुपर्छ
जे छ त्यसैमा रम्न सिक्नुपर्छ
यथार्थलाई स्वीकार्नुपर्छ
हर्षित हुन कोसिस गर्नुपर्छ
त्यसैले त महोदय,
सङ्घर्ष नगरी हर्ष उमङ्गको अनुभूति गर्न सकिन्न
कोही कसैसँग पनि प्रसन्न छैन
यहाँ
यथार्थमा जिउनुपर्छ
त्यसैले त जे छ त्यसमा रम्न सिक्दै छु ।

## हरेक चीज बदलिन्छ

✍ बर्तोल्ट ब्रेख्त

हरेक चिज बदलिन्छ
आफ्नो हर अन्तिम श्वाससँग
तिमी एक ताजा सुरुवात गर्नसक्छौ

तर जे बितिसकेको छ, त्यो बितिसक्यो
जुन पानी एक पटक तिमीले रक्सीमा
मिसाइसकेका छौ, त्यसलाई उगाएर
बाहिर निकाल्न सक्दैनौ ।

जे बितिसकेको छ, त्यो बितिसक्यो
त्यो पानी जुन एक पटक तिमीले रक्सीमा
मिसाइसकेका छौ
त्यसलाई उगाएर बाहिर निकाल्न सक्दैनौ

तर
हरेक चिज बदलिन्छ
आफ्नो हर अन्तिम श्वाससँग
तिमी एक ताजा सुरुवात गर्नसक्छौ ।

*(बर्तोल्ट ब्रेख्त (१८९८- १९५६) बीसौँ शताब्दीका एक प्रसिद्ध जर्मन कवि, नाटककार र नाट्य निर्देशक हुन् । उनका कैयौँ कविताहरू नेपालीमा भावानुवाद गरिएका छन् । )*

लघुकथा

## मन्त्रीज्यूको फरक ढङ्ग

✍ प्रेम. के. निडर

नवनियुक्त मन्त्रीज्यूलाई स्वागत गर्ने कार्यक्रम थियो । विभागका सबै कर्मचारीहरू आफ्नो सरकारी पहिचान झल्काउने पोसाकमा १० बजे नै उपस्थित भएर स्वागतको लागि तयार भए । बहुदलमा विकसित विकृतिहरूमध्ये समयमा नआउने, नपुग्ने, हाता गर्ने प्रवृतिहरू लोकतन्त्रमा कुनै कमी नआए पनि आज सबै उपस्थित थिए अफिसमा । ११ बजेको कार्यक्रम थियो । १२ बज्दा पनि मन्त्रीज्यू आउने कुनै सङ्केत नदेखिएपछि कर्मचारीहरूलाई काम छोडेर गफ गर्ने मौका पाए । अफिसको एक खुल्ला चौरमा कर्मचारीहरू एकआपसमा कुराकानी गर्दै थिए । एकजना कर्मचारीले भने, "आज मन्त्रीज्यूले के पाठ पढाउने होला ?"

"के पाठ पढाउँछ मन्त्रीज्यूले ? आखिर उनी पनि कहाँ सद्दे छन् र ? गन्हाएका नेता नै हुन् । कुन नेता निःस्वार्थ देश र जनताको सेवाको लागि मन्त्री भएका छन् ? न त सत्तामा गएका कुनै पार्टी सद्दे छ ? न त नेताहरू नै सद्दे छन् ? सबै चिने बुझेकै छ ?," अर्को कर्मचारीले भने ।

मन्त्रीज्यू आउनुभयो भन्ने खबर आएपछि मन्त्रीज्यूको स्वागतको लागि हाकिमदेखि सबै कर्मचारीहरू फुलका गुच्छा लिएर लाइनमा बसे । गाडीबाट ओर्लना साथ स्वागतको लागि बसेका कर्मचारीहरू फुलका गुच्छा ग्रहण गर्दै कर्मचारीहरूले खचाखच भरेको कार्यक्रम स्थलमा पुगे । मन्त्रीज्यू कार्यक्रम स्थलमा पुग्नासाथै कार्यक्रम सुरु गरे । विभिन्न वक्ताहरूले बोली सकेपछि अफिसबारे ब्रिफिङ गर्दै अफिसका बारे डाइरेक्टरले बोलेपछि मन्त्रीज्यूले बोल्न थाले, "म लोकतान्त्रिक सङ्घीय मन्त्री मण्डलको एक मन्त्री हुँ । नयाँ नेपालको परिकल्पना बोकेका सहिदहरूको सपना साकार पार्न प्रतिबद्ध र जिम्मेवार मन्त्री भएको नाताले यस मन्त्रालयअन्तर्गतको अफिसहरूमा नयाँ आभास दिन चाहन्छु । मलाई पुरानो काम गर्ने ढङ्ग मनपर्दैन र फरक ढङ्गले काम गर्न चाहन्छु । कर्मचारीहरूमा भ्रष्टाचार, अनियमितता र अनुशासनहिन काम गर्नु एक दण्डनिय अपराध हुन् । म त्यस्ता कर्मचारीहरूलाई कारबाही गर्न पछि पर्दिनँ । साथै इमानदार कर्मचारीहरूको मेहनतलाई कदर र पुरस्कारबाट सम्मानित पनि गर्नेछु ।"

मन्त्रीज्यूको भाषणले अफिसमा एक किसिमको तरङ्ग उब्जियो । कतिले "मन्त्रीज्यू त कडा जस्तो छ" भन्न थालियो त कोहि "देश बनाउन को मन्त्री भएका छन् ।" भन्दै टिप्पणी गर्न थाल्यो ।

केहि दिनपश्चात् मन्त्रालयबाट गोप्य चिठ्ठीहरू आए । आफ्नो पार्टी निकटका कर्मचारी सङ्गठनका पदाधिकारीहरूलाई र अफिसमा नाम चलेकै भ्रष्टहरूलाई नै शुभलाभको ठाउँमा सरुवा गरेको पत्र रहेछ । उनको त्यो काम देखेर लोकतान्त्रिक मन्त्रीज्यूको फरक ढङ्गको काम के रहेछ भनेर बुझ्न गाह्रो भएन ।

# नगर प्रमुख प्रजापतिसँग कबड्डी सङ्घका अध्यक्ष थापाको भेट



भक्तपुर, ४ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल कबड्डी सङ्घका अध्यक्ष तुलसी थापाले भेट गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा हुन गइरहेको अन्तरनगर महिला कबड्डी प्रतियोगिताबारे छलफल गर्न अध्यक्ष थापाले भेट गर्नुभएको हो ।

नगर प्रमुख प्रजापतिले हरेक क्षेत्रमा महिलालाई अगाडि बढाउने उद्देश्यले यस वर्ष भक्तपुर नगरपालिकाले अन्तरनगर महिला कबड्डी प्रतियोगिता गर्न लागेको बताउनुभयो ।

उहाँले कबड्डी प्रतियोगिता व्यवस्थितरूपमा सम्पन्न गर्न कबड्डी सङ्घको तर्फबाट खेल सामग्री र आवश्यक प्राविधिक सहयोग गर्न आग्रह गर्नुभयो ।

कबड्डी सङ्घका अध्यक्ष तुलसी थापाले नमुना नगरको रूपमा विकास भइरहेको भक्तपुर नगरपालिकाले महिला कबड्डी प्रतियोगिता आयोजना गरेकोमा खुसी व्यक्त गर्दै सङ्घको तर्फबाट आवश्यक सबै प्रकारको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले देशका ४४ जिल्लामा कबड्डी सङ्घ रहेको बताउँदै व्यवस्थित कभर्ड हलको अभावमा आशातीत प्रगति हुन नसकेको जानकारी दिनुभयो ।

भेटमा उपप्रमुख रजनी जोशी, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेपाल कबड्डी सङ्घका सचिव तर्कराज भट्ट, एसिएन कबड्डी फाउन्डेसनका उपाध्यक्ष विनोद प्रजापति, नेपाल कबड्डी सङ्घका केन्द्रीय सदस्य शरद दर्शनधारी, भक्तपुर जिल्ला कबड्डी सङ्घका अध्यक्ष पशुपति प्रजापतिलगायतको उपस्थिति थियो ।

# अफ्रिकामा लगभग दस करोड बालबालिका तथा युवा विद्यालय बिमुख

आदिस अबाबा, ४ फागुन ( सिन्ह्वा) : अफ्रिकामा छ देखि १९ वर्ष उमेर समूहका करिब दश करोड बालबालिका तथा युवाविद्यार्थीहरू विद्यालयबाट वञ्चित भएका कारण सामाजिक रूपमा एकीकृत नभएको शिक्षा, विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि अफ्रिकी युनियन (एयू) का आयुक्त मोहम्मद बेल्होसिनले बिहीबार बताउनुभएको छ ।

बालबालिका तथा युवाहरू व्यापक जोखिममा रहेकाले आतङ्कवादी समूह, लागुऔषध व्यापारी र मानव बेचबिखनकर्ताहरूले सजिलैसँग प्रयोग गर्ने गरेको इथियोपियामा जारी एयू शिखर सम्मेलनमा बेल्होसिनले बताउनुभयो । तिनीहरूमध्ये धेरै विभिन्न अपराध नेटवर्कमा समाप्त हुने वा अफ्रिकाका अन्य भागहरूलगायत महाद्वीप बाहिर बसाइँ सर्ने गरेको उहाँले बताउनुभयो ।

उनीहरूलाई व्यावसायिक र प्राविधिक प्रशिक्षणको माध्यमबाट सहयोग गरी स्वरोजगार बन्न आवश्यक सीपहरू प्राप्त गर्न सहयोग गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।अफ्रिकाले कम ग्रेडमा गुणस्तरीय शिक्षा प्रदान गर्नमा अवरोधको सामना गरिरहेको छ ।

परिणामस्वरूप अफ्रिकाका हरेक १० मध्ये नौ बालबालिकाले १० वर्षको उमेरमा साधारण पढ्न र बुझ्नसमेत असमर्थ भएको आयुक्तले स्वीकार गर्नुभयो । अफ्रिकालाई सन् २०२३ सम्ममा विश्वव्यापी शिक्षाको पहुँच हाँसिल गर्न करिब ९० अर्ब अमेरिकी डलरको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले कोषलाई पूरा गर्न महाद्वीपलाई विश्वव्यापी सहयोगको आह्वान गर्नुभयो ।

हार्दिक समवेदना



जन्म २००२/०२/०१
निधन २०८०/१०/२८

यस समितिका कोषाध्यक्ष शिवराम लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मेन चोक टोल सुधार समिति**
लिवाली–८,भक्तपुर

हार्दिक समवेदना



जन्म २००२/०२/०१
निधन २०८०/१०/२८

यस संघका सदस्य शिवराम लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल क्रान्तिकारी मजदुर संघ**
ट्रक एकाइ समिति,भक्तपुर

हार्दिक समवेदना



जन्म : २०२२/०१/०४
निधन : २०८०/०९/१९

यस संस्थाका लेखा समिति सदस्य उकेश सितिखुका पूजनीय पिता **बुद्धिबहादुर सितिखु**को असामयिक निधन भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अवसर बचत तथा ऋण सहकारी संस्था लि.**
भनपा–१०, कमलविनायक

हार्दिक समवेदना




जन्म : २००५/०९/०६
निधन : २०८०/११/०३

यस विद्यालयका पूर्व शिक्षक **रत्नभक्त व्यान्जु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भुवनेश्वरी माध्यमिक विद्यालय**
नंखेल, सूर्यविनायक नगरपालिका–९, भक्तपुर

हार्दिक समवेदना



जन्म २००२/१०/२४
निधन २०८०/१०/२३

यस टीमका पूर्वअध्यक्ष **शिवजी श्रेष्ठ**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर ११ टीम परिवार**

| | | |
|---|---|---|
| मिलनभक्त हाडा | रूपेश शाक्य | साजन प्रजापति |
| नरेन्द्र भुजु | रवि कवां | रामगोपाल किसी |
| सुमन साख | दामोदर शिल्पकार | कृष्णशरण अवाल |
| पुष्प शाक्य | कृष्णराम प्रजापति | शिवहरि बल्ल |

हार्दिक समवेदना



जन्म १९९५/०३/२९
निधन २०८०/१०/२२

साथी समूहका सदस्य राजेन्द्र पुरीकी ममतामयी माता **तुल्सा पुरी**को असामयिक दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथी समूह**
सूर्यविनायक, भक्तपुर

हार्दिक समवेदना



जन्म २००२/०२/०१
निधन २०८०/१०/२८

यस समूहका सदस्य लक्ष्मीनारायण लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**१५ गते बचत समूह**

| | | | |
|---|---|---|---|
| नविन लाखा | बिमल सुवाल | अर्जुन लाखे | रविन सुवाल |
| निरोज सितिखु | अमन राजलवट खत्री | रविन कुसी | लक्ष्मण धौबन्जार |
| मुकेश दुमरू | राकेश कोजु | सुबोध धुकुछु | रविन दुवाल |
| विकेश कुसी | विश्वराम पकानेवार | लक्ष्मण लिवि | विजय खर्बुजा |
| रूकेश ठिमी | अमृत थपलिया | प्रकाश मथ्या | रोशन कर्माचार्य |
| | | | रोशन तमखु |

हार्दिक समवेदना



जन्म २००२/०२/०१
निधन २०८०/१०/२८

हाम्रा हितैषी मित्र लक्ष्मीनारायण लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मिलीजुली समूह**

| | | | |
|---|---|---|---|
| आसकाजी लाखेमरू | लक्ष्मीप्रसाद कोजु | पुण्यराम नायभा | विष्णुसुन्दर देसेमरू |
| राजनप्रसाद लवजु | गौरीप्रसाद सिख्वाल | कृष्णराम न्याईच्याई | विश्वराम सुकाजु |
| रमेशप्रसाद लवजु | गंगाराम बेकोजु | कृष्णराम कोजु | राजेस सुवाल |
| आसकुमार दुवाल | अर्जुन गोसाई | राम कसलवट | श्रीराम बाग |
| धन गोसाई | राजु कवां | उत्तम कोजु | |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा